प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा

# वार्षिक प्रतिवेदन




नेपाल पत्रकार महासंघ

प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा

# वार्षिक प्रतिवेदन

**(२०७८ बैशाख २१ देखि २०७९ बैशाख १२ गतेसम्म)**

सम्पादन/संयोजन

**उदय जीएम**

विशेष सहयोगी

**हिरण्य जोशी/खगेन्द्र फुयाँल**

**नेपाल पत्रकार महासंघ**

**केन्द्रीय प्रकाशन विभाग**

२०७९

© सर्वाधिकार
**नेपाल पत्रकार महासंघ**
सञ्चारग्राम, तिलगंगा, काठमाडौं
फोन नं : ०१– ४११२७६३, ४११२६७३, फ्याक्स : ०१–४११२७८५
इमेल : fnjnepalcentral@gmail.com, fnjpublication@gmail.com
वेबसाइट : www.fnjnepal.org

डिजाइन/लेआउट
**उदय जीएम**

आवरण तस्वीर
**खगेन्द्र फुयाँल**
नेपाल पत्रकार महासंघले श्रम समस्या सम्बोधनको माग राखी कान्तिपुर टेलिभिजनमा आयोजना गरेको धर्ना कार्यक्रम

(वार्षिक प्रतिवेदनमा प्रकाशित सामग्रीको कुनै अंश महासंघको अनुमतिमा स्रोत खुलाएर प्रयोग गर्न वा पुनःप्रयोग गर्न सकिने छ ।)

विश्व प्रेस स्वतन्त्रता दिवस, २०२२ को अवसरमा

# अध्यक्षको शुभकामना

आज संसारभर प्रेस स्वतन्त्रताको महत्वका बारेमा चर्चा गरिँदै छ । वरिष्ठ पत्रकार, पत्रकारिताका प्राध्यापकहरु र स्वतन्त्रताका पक्षपातीहरुको सहभागितामा तयार पारिएको घोषणापत्रमा प्रेस तथा अभिव्यक्ति स्वन्त्रताको पक्षमा बलियो प्रतिबद्धता जनाइएको थियो भने स्वतन्त्र र बहुलवादी प्रेसका पक्षमा सो सम्मेलनले आफूलाई प्रष्टरुपमा उभ्याएको थियो ।



सन् १९९१ मा नामिबियाको विण्डहकमा भएको एउटा महत्वपूर्ण सम्मेलनले संसारका सबै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूलाई सधै उत्साहित र उत्प्रेरित गर्नेगरी एउटा घोषणापत्र जारी गऱ्यो । त्यो दिन अंग्रेजी क्यालेण्डर अनुसारको मे ३ तारिक थियो । त्यसैले आजको दिन प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरुका लागि महत्वपूर्ण दिन मानिन्छ । आज संसारभर प्रेस स्वतन्त्रताको महत्वका बारेमा चर्चा गरिँदै छ । वरिष्ठ पत्रकार, पत्रकारिताका प्राध्यापकहरु र स्वतन्त्रताका पक्षपातीहरुको सहभागितामा तयार पारिएको घोषणापत्रमा प्रेस तथा अभिव्यक्ति स्वन्त्रताको पक्षमा बलियो प्रतिबद्धता जनाइएको थियो भने स्वतन्त्र र बहुलवादी प्रेसका पक्षमा सो सम्मेलनले आफूलाई प्रष्टरुपमा उभ्याएको थियो ।

त्यही घोषणापत्र जारी भएको दिन अर्थात मे ३ लाई युनेस्कोको आव्हानमा विश्व प्रेस स्वतन्त्रता दिवसका रुपमा मनाइन थालिएको हो । विण्डहक घोषणापत्रलाई संयुक्त राष्ट्रसंघको सभाले पारित गरेपछि युनेस्कोले त्यस्तो आव्हान गरेको हो । प्रत्येक वर्ष फरक फरक नाराका साथ यो दिवस मनाउने क्रममा योपटक 'प्रविधि नियन्त्रित मिडिया' भन्ने नारा तय गरिएको छ ।

यो दिनमा प्रेस स्वतन्त्रताका पक्षमा लडाई लड्ने योद्धाहरूप्रति सम्मान गर्ने, उनीहरूको योगदानको चर्चा गर्ने, प्रेस स्वतन्त्रताको पक्षमा थप प्रतिबद्धता जनाउने र प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझ अगाडि कसरी लैजाने भन्ने सन्दर्भमा अन्तर क्रियाहरू गर्ने गरिन्छ । प्रेस स्वतन्त्रताको आधारभूत सिद्धान्त, विश्वभर र आफ्नो देशभित्रको प्रेस स्वतन्त्रताको समग्र अवस्थाको समीक्षा, प्रेस स्वतन्त्रता हननका घटनाको सार्वजनिकीकरण र स्वतन्त्रताको प्रतिरक्षा एबं पत्रकारिता पेशा निर्वाहको क्रममा जीवन उत्सर्ग गर्नेहरूप्रति श्रद्धा व्यक्त गर्ने यो दिनको विशेष महत्व छ । यस अवसरमा म नेपाल र विश्वमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निम्ति यो गदान पुऱ्याउने महानुभावहरूप्रति उच्च सम्मान व्यक्त गर्दै सम्पूर्ण पत्रकार एवं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पक्षधरहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालमा पनि पत्रकार महासंघको आयोजनामा आज देशभर यस्ता चर्चा परिचर्चाहरू हुँदैछन् । काठमाडौंमा महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको क्षेत्रमा काम गर्दा गर्दै मृत्युवरण गर्न पुगेका पत्रकारहरूको स्मरणमा बनाइएको स्मारकमा माल्यार्पण गर्दै वर्षभरिको प्रेस स्वतन्त्रताको अवस्थाको समीक्षा गर्दै अब कसरी अगाडि बढ्ने भन्ने बारेमा निष्कर्षको खोजी गर्नेगरी कार्यक्रमको आयोजना गरेको छ ।

नेपाली पत्रकारिता क्षेत्र अझै पनि सुरक्षाका दृष्टिकोणले सन्तोष गर्न सकिने अवस्था छैन । भौतिक हमला र पेशागत असुरक्षा दुबैले पत्रकारहरूलाई त्रासमा राखेको अवस्था छ । नेपाल पत्रकार महासंघ सञ्चार अनुगमन इकाईको तथ्यांक हेर्ने हो भने यस वर्ष पत्रकार हरूको पेशागत सुरक्षाको अभाव जनाउँदै ३ सयभन्दा बढी उजुरीहरू आएका छन् भने प्रेस स्वतन्त्रता हननका ७५ वटा घटनाहरू भएको देखिन्छ । प्रेस स्वतन्त्रता हननका सबैभन्दा बढी घटना बागमती प्रदेशमा भएको देखिन्छ । त्यहाँ ५४ वटा त्यस्ता घटनाहरू भएका

नेपाली पत्रकारिता क्षेत्र अझै पनि सुरक्षाका दृष्टिकोणले सन्तोष गर्न सकिने अवस्था छैन । भौतिक हमला र पेशागत असुरक्षा दुबैले पत्रकारहरूलाई त्रासमा राखेको अवस्था छ । नेपाल पत्रकार महासंघ सञ्चार अनुगमन इकाईको तथ्यांक हेर्ने हो भने यस वर्ष पत्रकारहरूको पेशागत सुरक्षाको अभाव जनाउँदै ३ सयभन्दा बढी उजुरीहरू आएका छन् भने प्रेस स्वतन्त्रता हननका ७५ वटा घटनाहरू भएको देखिन्छ ।

छन्, जसले यहाँको प्रेस स्वतन्त्रताको अवस्थालाई दर्साउँछ । १ नं प्रदेश र मधेस प्रदेशमा बराबरी अर्थात ६-६ वटा हननका घटना भएका छन् । त्यस्तै कर्णाली प्रदेशमा ५ र लुम्बिनी तथा गण्डकीमा २-२ वटा घटना भएका छन् । सुदूरपश्चिम प्रदेशमा भने योपटक हननका घटनाहरू भएको पाइएको छैन । प्रेस स्वतन्त्रता हननका यी ७५ वटा घटना हुँदा २७२ जना सञ्चारकर्मी र ९ सञ्चारगृह पीडित भएका छन् । २७२ मध्य ३३ जना महिलाहरू पीडित भएका छन् । अघिल्लो वर्षको पत्रकार महासंघको अभिलेखमा प्रेस स्वतन्त्रतामाथिको प्रहारका घटनाहरु ४५ वटा थिए भने ती घटनाबाट जम्मा ५ सय ८४ पत्रकार र ३ वटा संचारसंस्था पीडित बनेका थिए । ५ सय ८४ पत्रकारमध्य ७७ पत्रकारहरु महिला रहेका थिए ।

पत्रकार महासंघको अभिलेखअनुसार यो वर्ष ३ जना पत्रकार गिरफ्तारीमा परे भने आक्रमण, दुर्व्यवहार र धम्कीबाट २९ जना पत्रकार पीडित भएका छन् । त्यस्तै पेशागत असुरक्षाको मार ३१ जना पत्रकारले खेप्दै छन् । त्यस्तै कानुन बनाएर प्रेस स्वतन्त्रतालाई संकुचन गर्न खोज्ने काम ३ पटक भएको छ । उल्लिखित तथ्यांकका आधारमा नेपाली प्रेस अझै पनि पेशागत र भौतिक सुरक्षाका सवालमा सन्तोष गर्न सकिने अवस्थामा छैन भन्न सकिन्छ ।

मुलुकले संविधानसभामार्फत निर्मित संविधानको आधारमा संघीयताको अभ्यास गर्दैछ । यो अभ्यास गर्ने क्रममा आवश्यक कानुनहरु निर्माणको चरण अझै जारी छ । यसरी तीन तहहरूमा बन्दै गरेका प्रेससँग सम्बन्धित कानुनका मस्यौदाहरूले संविधानको मूल मर्मसँग मेल खाइरहेका छैनन् । प्रेस स्वतन्त्रताको पक्षमा सिंगो नागरिक समाजलाई समेत जोड्दै प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझै उचाईमा पुऱ्याउने हाम्रो दायित्व हो । यो दिशामा पनि हामीले काम गर्न जरूरी छ । प्रेस स्वतन्त्रताप्रति हाम्रो राज्य अझै पनि अनुदार रहेको अनुभूति हुँदै आएको छ । हाम्रो लडाईका कारण स्थगित भएका कानून निर्माणका प्रक्रियाहरूलाई अझै सच्चाएर अगाडि बढाउन राज्य तयार छैन । भर्खरै संशोधन गरिएको प्रसारण नियमावलीका प्रावधान सच्याउन हामीले अझै दवाव दिइराख्नु परेको छ । यी घटनाक्रमहरूले हामी प्रेस स्वतन्त्रताको सवालमा अत्यन्त सचेत भएर उभिनुपर्ने अवस्था कायमै छ भन्ने देखाउँदै छ । विश्व प्रेस स्वतन्त्रता दिवसको सन्दर्भमा हुने अन्तरक्रियाहरूमा नेपालको यो अवस्थाका बारेमा पनि छलफल हुनेछ र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूले यो अवस्थामा सुधार ल्याउनका लागि राज्यका संरचनाहरूका साथै सरोकारवालाहरूको ध्यानाकर्षण गराउने छन् भन्ने मैले विश्वास लिएको छु ।

प्रेस स्वतन्त्रता प्रेसको मात्र मुद्दा हैन । नागरिकहरूको सूसुचित हुन पाउने संवैधानिक हकलाई प्रचलनमा ल्याउनका लागि पनि प्रेस स्वतन्त्रता अनिवार्य हुन्छ । त्यतिमात्र हैन प्रेस स्वतन्त्रता समग्र समाजको लोकतान्त्रिकीकरणको अभियानको एउटा महत्वपूर्ण अंग पनि हो । नेपालको संविधानको प्रस्तावनामै पूर्ण

प्रेस स्वतन्त्रता लेखिएको भएतापनि व्यवहारमा त्यसअनुरूप वातावरण बन्न सकेको छैन । त्यसकारण प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझ उचाईमा पुऱ्याउन पत्रकार महासंघ तथा प्रेस स्वतन्त्रताका पक्षधरहरु एक ठाउँमा उभिन जरूरी छ ।

हामी अहिले स्थानीय निर्वाचनको मुखमा छौं । संघीय निर्वाचन पनि यही वर्षमा हुने प्रवल सम्भावना रहेको छ । निर्वाचनका समयमा पत्रकारहरूलाई प्रयोग गर्न चाहने कुत्सित मानसिकता पनि देखिने गर्दछ । त्यस्तो प्रस्तावलाई अस्वीकार गर्दा पत्रकारमाथि शारीरिक र मानसिक आक्रमण हुने खतरा रहन्छ । त्यसकारण यो वर्ष हाम्रा लागि चुनौतिपूर्ण हुने सम्भावना छ । यसतर्फ सबै पक्ष सतर्क रहन जरूरी हुन्छ । त्यस्तै निर्वाचनका बेलामा प्रेसले विशेष भूमिका खेल्न जरूरी पनि हुन्छ । जनमत जाँच्ने वैधानिक प्रक्रिया हो निर्वाचन । त्यसकारण जनताको सही अभिमत आउने गरी निर्वाचनलाई सम्पन्न गर्ने दिशामा प्रेसले पनि भूमिका निर्वाह गर्नु पर्दछ । पत्रकार आचारसंहिता र निर्वाचन आचारसंहिता पालना गर्दै र अरू पक्षलाई पनि निर्वाचन आचारसंहिता पालना गर्न प्रेरित गर्दै निश्पक्ष, निर्भय र उत्साहप्रदरूपमा निर्वाचन सम्पन्न गराउने दिशामा नेपाली प्रेसले ऐतिहासिक भूमिका निर्वाह गर्ने मेरो विश्वास रहेको छ । प्रेस स्वतन्त्रताको आन्दोलनलाई उचाईमा पुऱ्याउनका लागि प्रेस आफै उत्तरदायी र मर्यादित हुन जरूरी छ । पत्रकार आचारसंहिता र पत्रकारिताका स्थापित मान्यताहरूलाई अनुशरण गर्दै आफूप्रतिको सामाजिक विश्वास अभिबृद्धि गर्ने दिशामा पनि पत्रकारहरूले आफूलाई प्रतिबद्ध बनाउनु पर्ने हुन्छ । त्यसैगरी राज्यले पनि पत्रकारिता क्षेत्रलाई स्वनियमनतर्फ प्रोत्साहित गर्दै लोकतान्त्रिक मूल्यभित्र रहेर पत्रकारिताको प्रवर्द्धनका लागि थुप्रै कामहरु गर्न बाँकी नै छ । यो दिशामा सबैको ध्यान जान जरूरी पनि छ ।

अन्त्यमा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा निर्भिकतापूर्वक उभिई पत्रकारिताको माध्यमबाट राष्ट्र र समाजको हितमा काम गर्न हामी सबैलाई प्रेरणा मिलोस् भन्दै विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**विपुल पोखेल**

अध्यक्ष

**नेपाल पत्रकार महासंघ**

(विश्व प्रेस स्वतन्त्रता दिवस, मे ३ सन् २०२२ को अवसरमा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलले दिनुभएको शुभकामना सन्देश)

# विषय सूची

- नेपालमा २०७८ बैशाख २१ गतेदेखि २०७९ बैशाख १२ गतेसम्ममा
प्रेस स्वतन्त्रताको अवस्था- १

- संघीय प्रणाली र सञ्चारसम्बन्धी कानुन - २३
**तारानाथ दाहाल**

- प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सञ्चार कानुन - ३०
**रोसन पुरी**

# विश्व प्रेस स्वतन्त्रता दिवस २०२२

## नेपालमा २०७८ बैशाख २१ देखि २०७९ बैशाख १२ सम्मको प्रेस स्वतन्त्रता अवस्थाको अनुगमनसम्बन्धी

# वार्षिक प्रतिवेदन

विगत दुई वर्षदेखि रहेको कोरोना महामारीको प्रभावबाट नेपाली सञ्चार क्षेत्र यो वर्ष पनि अछुतो रहेन । वर्षको सुरूवातमै देखिएको कोरोनाको दोस्रो लहर र वर्षको अन्त्यतिर आइपुग्दा देखिएको तेस्रो लहरका कारण ठूलो संख्यामा पत्रकारहरू कोरोना संक्रमणमा परे । पछिल्लो वर्षको जति नदेखिए पनि यो वर्ष पनि कोरोना महामारीका कारण मिडिया क्षेत्र प्रभावित रहन पुग्यो ।

कोरोना महामारीको यस लहरमा पनि पत्रकारहरूले पेशागत असुरक्षाको समस्या भोग्नुपऱ्यो । यो वर्ष मात्रै कोरोना महामारीका कारण रोजगारी गुमाउनु परेका वा अन्य पेशागत असुरक्षामा परेका २०० भन्दा बढी पत्रकारले महासंघमा उजुरी दिएका थिए । महासंघले श्रम समस्या समाधानका लागि दुईवटा समिति नै बनाएर पहल गरेको थियो र सञ्चारगृहहरूसँग छलफल गरी अधिकांशको समाधान पनि निकालेको थियो ।

एकातिर कोरोना महामारीको प्रभाव कायमै थियो भने अर्कोतिर यस वर्ष पनि सञ्चारसमबन्धी कानून र नीतिहरूका विषयमा तीनै तहका सरकारहरू अनुदार देखिए । स्थानीय सरकारहरूले धेरै मात्रामा मिडिया कानूनहरूको काम अघि नबढाए पनि संघीय र प्रदेश सरकारहरूले यस वर्ष पनि विगतमा जस्तै प्रेस स्वतन्त्रताको मूलभूत मान्यता विपरीत हुनेगरी कानून निर्माण प्रक्रियालाई अघि बढाए ।

नेपाल पत्रकार महासंघ लगायत सञ्चार सरोकारवालाहरूको विरोधका कारण विगतका वर्षमा नै संसदमा दर्ता भएका नेपाल मिडिया काउनिसल विधेयक र सूचना प्रविधि विधेयक संसदबाट पारित हुन सकेन । तर, वर्षको सुरूवाततिरै नेपाल सरकारले सार्वजनिक सेवा प्रसारण विधेयक राष्ट्रियसभामा दर्ता गऱ्यो । लामो समयदेखि छलफलमा रहेको यो विधेयक सबै सञ्चार सरोकारवालाहरूको विरोधका बावजुद पनि उल्लेखनीय संशोधनबिना नै दर्ता भयो । महासंघले यो विधेयक आधारभूतरूपमा नै सार्वजनिक सेवा प्रसारणको सिद्धान्त विपरीत भएकाले

फिर्ता लिनका लागि माग गरेको छ । तर हालसम्म यो विधेयक फिर्ता हुने अवस्था नदेखिए पनि सरकारले संसदमा यसलाई अघि बढाउन सकेको छैन ।

प्रदेश सरकारहरूले पनि यो वर्ष मिडियासम्बन्धी विभिन्न विधेयकहरू अघि बढाए । लामो समयदेखि मस्यौदा तयार भएको तर महासंघ लगायत सरोकार वालाहरूको विरोधका कारण अघि बढ्न नसकेको लुम्बिनी प्रदेश सञ्चार विधेयक यस वर्ष प्रदेशसभामा दर्ता गरियो । महासंघ केन्द्र र प्रदेश समितिको लामो प्रयासपछि लुम्बिनी प्रदेश सरकार विधेयकमा संशोधन गर्न तयार भएको छ तर प्रदेशसभामा विधेयकमाथि छलफल अघि बढेको छैन ।

गण्डकी प्रदेश सरकारले पनि प्रदेशका आमसञ्चार विधेयक यसै वर्ष प्रदेशसभामा दर्ता गरेको छ । तर सो विधेयक पनि विरोधका कारण अघि बढ्न सकेको छैन । कर्णाली प्रदेश सरकारले प्रदेश सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान विधेयक प्रदेशसभामा अघिल्लै वर्ष दर्ता गरेको थियो । सो विधेयक यस वर्ष छलफलका लागि प्रस्तुत हुने क्रममा सबै पक्षको विरोधका कारण रोकिएको छ । सुदूरपश्चिम प्रदेश सरकारले भने यो वर्ष महासंघ लगायत मिडिया सरोकारवालाहरूसँग समन्वय गरी प्रदेशका सबै जिल्लाहरूमा छलफल चलाएर प्रदेश आमसञ्चार विधेयकको मस्यौदा गरेको छ । उक्त मस्यौदा प्रदेशसभामा प्रस्तुत गर्ने तयारी भएपनि अहिलेसम्म पेश भएको छैन ।

गत वर्षको तुलनामा यस वर्ष प्रेस स्वतन्त्रता हनन्का घटनाहरूको संख्यामा वृद्धि भएको छ । नेपाल पत्रकार महासंघ प्रेस स्वतन्त्रता अनुगमन इकाईमा यस वर्ष विभिन्न प्रकृतिका ७५ वटा घटना दर्ता भएका छन् जसमध्ये सबैभन्दा बढी पेशागत असुरक्षासम्बन्धी घटनाहरू रहेका छन् । गतवर्ष यसै अवधिमा जम्मा ४५ वटा घटना रेकर्ड गरिएका थिए । यी ७५ वटा घटनामा २८१ पत्रकार तथा सञ्चारगृहहरू प्रभावित भएको देखिएको छ । सबैभन्दा बढी घटना बागमती प्रदेशमा देखिएको छ ।

## नेपालमा प्रेस स्वतन्त्रता हननका घटनाको अभिलेखीकरणको अवस्था

२०५६ सालदेखि नेपाल पत्रकार महासंघले नेपालमा हुने प्रेस स्वतन्त्रता हननका घटनाहरूको निरन्तर अनुगमन तथा अभिलेखीकरण गर्दै आइरहेको छ । यसका लागि महासंघले प्रेस स्वतन्त्रता अनुगमन इकाई खडा गरी निरन्तर अनुगमन गर्ने र घटनाको प्रकृति अनुसारको पहलकदमी लिने गरेको छ । महासंघले प्रेस स्वतन्त्रता हनन्का घटना अभिलेखीकरणका लागि अनलाइन डाटाबेस तयार गरी सबै घटनाहरूलाई त्यहाँ रेकर्ड गर्ने गरेको छ जुन डाटाबेस महासंघको वेबसाइटमा सबैले सजिलै हेर्न सकिने गरी राखिएको छ । उक्त डाटाबेसमा

महासंघमा जानकारी हुन आएका सम्पूर्ण घटनाहरूलाई रेकर्ड गरी ती घटनाले प्रेस स्वतन्त्रतामाथि आँच पुर्‍याउन सक्ने खालका हुन् वा पत्रकारमाथि भए पनि प्रेस स्वतन्त्रतासँग असम्बन्धित वा अन्य कुनै अवस्थामा भएका हुन् भनी समीक्षा गरेर छुट्टाछुट्टै रेकर्ड गर्ने व्यवस्था गरिएको छ ।

यसका साथै महासंघले वि.सं. २०७१ मा प्रेस स्वतन्त्रता हनन्को अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड तयार गरेको थियो । त्यस मानदण्डमा प्रेस स्वतन्त्रता हनन्का घटनाहरूलाई वर्गीकरण गरी व्यवस्थितरूपमा अभिलेखीकरण गर्ने व्यवस्था गरिएको थियो । महासंघले विभिन्न सरोकारवाला पक्षहरूसँगको परामर्श र सहकार्यमा उक्त मानदण्डमा २०७३ मा संशोधन गरी सोहीअनुसार अभिले खीकरण गर्ने व्यवस्था गरेको छ । पत्रकारले पत्रकारिताबाहेक अन्य कार्य गर्दा हुने आक्रमणलाई अनुगमन प्रणालीमा राखिदैन । साथै हरेक व्यक्तिका अभिव्यक्ति स्वतन्त्रतासँग सम्वन्धित विषयहरू पनि महासंघको प्रेस स्वतन्त्रता अनुगमनमा समेटिएका छैनन् ।

नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा रहेको प्रेस स्वतन्त्रता अनुगमन इकाईमा वर्षभरि अभिलेख गरिएका घटनाहरूलाई आधार मानी महासंघले प्रत्येक वर्ष प्रेस स्वतन्त्रताको अवस्था वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको छ । प्रत्ये क वर्ष विश्व प्रेस स्वतन्त्रता दिवस, मे ३, का अवसरमा सो प्रतिवेदन सार्वजनिक गर्ने गरिएको छ । उक्त प्रतिवेदनका लागि घटनाहरूको अभिलेखीकरण र विश्ले षण गर्दा अघिल्लो वर्षको मे ३ तारिखदेखि यस वर्षको मे २ तारिखसम्मका घटनाहरूलाई लिने गरिएको छ । तर रिपोर्ट तयारीका लागि आवश्यक समयका कारण यस वर्ष वैशाख १२ सम्मका घटनाहरूलाई मात्र समावेश गर्न सकिएको छ ।

## २०७८ सालमा प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरूको विश्लेषण

लामो समयदेखि नेपाली पत्रकारिता क्षेत्रले भोग्दै आएको मुख्य समस्या श्रमजीवी पत्रकारहरूको पेशागत अधिकारसम्बन्धी समस्या हो । २८ वर्षपश्चात पनि धेरै जसो सञ्चारगृहहरूले श्रमजीवी पत्रकार ऐन, २०५१ को पूर्ण कार्यान्वयन गरेका छैनन् जसका कारण पत्रकारहरूले न्यून पारिश्रमिक पाउने, समयममा पारिश्रमिक नपाउने, अनायासै निष्काशनमा पर्ने, नियुक्तिपत्र नै नपाउने जस्ता समस्याहरू अझै पनि यथावत् छन् । जुन कुरा कोरोना महामारीको सन्दर्भमा झन् टड्कारो रूपमा उजागर भयो ।

कोरोना महामारीले सिकाएको पाठलाई मध्यनजर गर्दै महासंघले श्रमजीवी पत्रकार ऐनमा रहेको सबै सञ्चार संस्थाहरूले विज्ञापनबाट प्राप्त आम्दानीको १० प्रतिशत पत्रकार कल्याण कोषका लागि छुट्याउनुपर्ने र सबै संस्थाले त्यस्तो कोष स्थापना गर्नुपर्ने व्यवस्था कार्यान्वयन गराउन सर्वोच्च अदालतमा रिट दायर गरेको

थियो । अदालतले नेपाल सरकारलाई सबै सञ्चार संस्थामा कोष स्थापना गराउन र त्यसको प्रगति विवरण प्रत्येक दुई महिनामा अदालतमा पेश गर्न आदेश दिए तापनि सो आदेशको पनि पालना भएको छैन ।


२०७८ सालमा प्रेस स्वतन्त्रता हनन्का ७५ वटा घटना भएका छन् । यसबाट २७२ पत्रकार तथा ९ सञ्चार संस्था गरी २८१ पीडित बनेका छन् । नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाईमा अभिलेख भएका यी घटनाहरूमा यो एक बर्षको अवधिमा पत्रकार हत्या तथा बेपत्ताका घटना भएका छैनन् भने पत्रकार गिरफ्तारका ३ वटा घटना भएका छन् । त्यस्तै स्वतन्त्र पत्रकारितामा अवरोध तथा कब्जाका ९ वटा घटना भएका छन् । पत्रकारमाथि आक्रमणको १, दुर्व्यवहार तथा धम्कीका २८ वटा घटना भएका छन् भने पेशागत असुरक्षाका ३१ घटना दर्ता भएका छन् ।

महासंघको प्रेस स्वतन्त्रता अनुगमन इकाइले प्रदेशहरुका आधारमा रेकर्ड गरेका घटनाहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।


| घटना प्रकृति | प्रदेश नं १ | प्रदेश नं २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| मृत्यु/हत्या | | | | | | | | ० |
| बेपत्ता | | | | | | | | ० |
| गिरफ्तारी | | १ | २ | | | | | ३ |
| कब्जा/अवरोध | १ | १ | ७ | | | | | ९ |
| आक्रमण | | | १ | | | | | १ |
| दुर्व्यवहार/धम्की | ४ | ३ | १२ | २ | २ | ५ | | २८ |
| विस्थापन | | | | | | | | ० |
| पेशागत असुरक्षा | १ | १ | २९ | | | | | ३१ |
| नीतिगत बन्देज | | | ३ | | | | | ३ |
| जम्मा घटना | ६ | ६ | ५४ | २ | २ | ५ | ० | ७५ |

*स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगम इकाई, सन् २०२२ अप्रिल २५ ।*

यस वर्ष प्रेस स्वतन्त्रता उल्लंघनका सबैभन्दा धेरै घटनाहरू बागमती प्रदेशमा भए भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा । महासंघ प्रेस स्वतन्त्रता अनुगमन इकाईको रेकर्डका अनुसार बागमती प्रदेशमा ५४ वटा यस्ता घटना भएका थिए भने सुदूरपश्चिम प्रदेशमा कुनै पनि घटना रेकर्ड गरिएन । त्यसैगरी प्रदेश नं १ मा ६, मधेश प्रदेशमा ६, गण्डकी प्रदेशमा २, लुम्बिनी प्रदेशमा २ र कर्णाली प्रदेशमा ५ वटा घटना भए ।




यस वर्ष सातै प्रदेशमा घटेका प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरूको प्रकृतिका आधारमा विश्लेषण तलको चित्रमा प्रस्तुत गरिएको छ ।




प्रेस स्वतन्त्रता हननका यी ७५ वटा घटना हुँदा २७२ जना सञ्चारकर्मी र ९ सञ्चारगृह पीडित भएका छन् ।

प्रेस स्वतन्त्रता हननका यी ७५ वटा घटना हुँदा २७२ जना सञ्चारकर्मी र ९ सञ्चारगृह पीडित भएका छन् ।


| | प्रदेश १ | | | प्रदेश २ | | | बागमती प्रदेश | | | गण्डकी प्रदेश | | | लुम्बिनी प्रदेश | | | कर्णाली प्रदेश | | | सुदूरपश्चिम प्रदेश | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घटना प्रकृति | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | |
| मृत्यु | | | | | | | | | | | | | | | | | | | | | | |
| बेपत्ता | | | | | | | | | | | | | | | | | | | | | | |
| गिरफ्तारी | | | | १ | | | ४ | १ | | | | | | | | | | | | | | ६ |
| कब्जा/अवरोध | | | १ | | | ५ | २७ | १० | | | | | | | | | | | | | | ४३ |
| दुर्व्यवहार/धम्की | ९ | २ | | ३ | | | १० | ५ | ३ | ३ | | | ३ | | | ७ | | | | | | ४५ |
| आक्रमण | | | | | | | १ | | | | | | | | | | | | | | | १ |
| पेशागत असुरक्षा | १ | | | १ | | | १६८ | १५ | | १ | | | | | | | | | | | | १८६ |
| विस्थापन | | | | | | | | | | | | | | | | | | | | | | |
| नीतिगत बन्देज | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा घटना | १० | २ | १ | ५ | | ५ | २१० | ३१ | ३ | ४ | | | ३ | | | ७ | | | | | | २८१ |

*स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाई, सन् २०२२, अप्रिल २५ ।* पुरुष =२३९ , महिला = ३३ , सस्था = ९




यस अवधिमा २३९ पुरूष पत्रकार, ३३ महिला पत्रकार र ९ वटा सञ्चार संस्थाहरू प्रेस स्वतन्त्रता उल्लंघनका घटनाबाट प्रताडित भए । यसरी हेर्दा विभिन्न कारणहरूले पुरूष पत्रकारहरू नै यस्ता घटनाहरूमा बढी परेको पाइएको छ भने अर्कोतिर पत्रकार महिलाहरू पीडित भएका घटनाहरूका बारेमा यथेष्ट जानकारी नआएको वा बताउन नचाहेको पनि हुनसक्छ ।

घटनाको प्रकृतिका आधारमा हेर्दा यस वर्ष सबैभन्दा बढी पत्रकारहरूको पेशागत सुरक्षाका घटनाहरू बढी देखिए । पेशागत असुरक्षाका घटनाहरूमा मुख्यरूपमा कोरोना महामारीको बहानामा पत्रकारहरूलाई रोजगारीबाट हटाइएका वा तलब सुविधा उपलब्ध नगराइएका घटनाहरू मुख्य थिए । पेशागत असुरक्षाका ३१ वटा घटनामा १८६ पत्रकारहरू पीडित भएका थिए । त्यसैगरी पत्रकारहरूमाथि दुर्व्यवहार वा धम्कीका २८ घटनाहरू रेकर्ड भएका छन् भने कब्जा वा अवरोधका ९ वटा घटना रेकर्ड भएका छन् ।



नेपाल पत्रकार महासंघमा मे ४ सन्  २०२१ देखि  अप्रिल २५ सन् २०२२ सम्म अभिलेख भएका प्रेस स्वतन्त्रता हननका घटनाहरू संक्षेपमा :

**पक्राउ** :

- वैदेशिक रोजगारीका सिलसिलामा युएईमा रहेका उज्यालो रेडियो नेटवर्कमा कार्यरत पत्रकार उमाकान्त पाण्डेलाई नेपालमा रहँदा सामाजिक सञ्जालमा लेखिएको स्ट्याटसलाई लिएर पुस ३ गते युएइ प्रहरीले पक्राउ गरी साइबर अपराधको मुद्दा लगाएको छ । 'सामाजिक सञ्जालमा भिजिट भिसामा नेपाली राजदूताबासको संलग्नता रहेको आशयमा' लेखिएको स्ट्याटसलाई लिएर दूताबासकै उजुरीमा त्यहाँको तल्लो अदालतले फेसबुक बन्द गर्ने, युएइमा रहेको सम्पत्ति जफत गर्ने, तीन महिना कैदमा राख्ने, २० हजार डिराम जरिवाना लगाउने र डिपोट गर्ने जस्ता ५ वटा सजायसहितको फैसला गरेको थियो ।

- २०७८ असोज १३ गते नेपाल पत्रकार महासंघको एसोसिएट संस्था पत्रकारिता अनुसन्धान तथा तालिम समाज नेपालका सदस्यद्वय प्रदीप भण्डारी र रोधन तामाङ र महासंघको स्वतन्त्र समाचार सेवा शाखाका सदस्यद्वय शिशिर अधिकारी र पिंकला कार्कीलाई प्रहरीले पक्राउ गरेको थियो । युट्युबमार्फत समाचार सार्वजनिक गरेको विषयलाई प्रहरीले चारै जना पत्रकारलाई विद्युतीय कारोबार ऐनअन्तर्गत पक्राउ गरेको थियो ।

- २०७८ साउन ३२ गते रौतहटस्थित होटेल ग्रीन सिग्नल अगाडि रोकिराखेको मोटरसाइकलमा प्रहरीसहितको संलग्नतामा प्रतिबन्धित लागुऔषध राखेर पत्रकार मोजिबुल्लाहसहित उनका चालकलाई पक्राउ गरिएको थियो । महासंघ रौतहट शाखाका अनुसार २०७८ साउन ३२ गते राति ८:०० बजेतिर होटेल ग्रीन सिग्नल अगाडि रोकिराखेको पत्रकार मोजिबुलल्लाहको मोटरसाइकलमा अपराध अनुसन्धानमा खटिएका ने पाल प्रहरीका घुमुवा प्रहरी सहायक निरीक्षक उदयप्रसाद यादव, प्रहरी जवान मनोज साहलगायकतका घुमुवा प्रहरी र अन्य बाहिरी व्यक्तिहरूको संलग्नतामा उक्त लागुऔषध राखिएको सिसिटिभी फुटेजमा देखिएको जनाएको छ ।

## २. दुर्व्यवहार र धम्की

- २०७८ फागुन १९ गते समाचारको विषयलाई लिएर उकेरा डटकममा कार्यरत पत्रकार उपेन्द्र खड्कालाई बीर अस्पतालस्थित केन्द्रीय युनिफाइड अस्पतालका निमित्त प्रमुख प्रशासकीय अधिकृत भूपेन्द्र बस्नेतले धम्की दिएका थिए । समाचार संकलनका क्रममा वीर अस्पताल पुगेका पत्रकार खड्कालाई आफ्नो बारेमा समाचार लेखेमा नछाड्ने भन्दै पहिला प्रकाशित समाचारलाई सामाजिक सञ्जालमा शेयर गरेको निहुँमा साइबर क्राइमको मुद्दासमेत लगाउने भनी धम्की दिएको महासंघको उपत्यका प्रदेश समितिले जनाएको छ ।

- २०७८ साल फागुन ११ गते माइसंसार डटकम ब्लगमा प्रकाशित सामग्रीको आशय नै नबुझी प्रहरीले पत्रकार उमेश श्रेष्ठलाई अनावश्यक सोधपुछ गर्दै साइबर क्राइमको मुद्दासमेत लगाउन सक्ने धम्की दिएको थियो । उक्त ब्लगमा एमसीसीको बारेमा 'फेक न्युज' बनाएर पत्रकारिताको बदनाम गर्नेहरु' शीर्षकमा लेखिएको सामग्रीलाई लिएर साइबर ब्युरोको कार्यालयमा बोलाई ब्युरोका प्रहरी नायव उपरीक्षक प्रदिन ताम्राकारले पत्रकार श्रेष्ठलाई अनावश्यक सोधपुछ गर्दै साइबर क्राइमको मुद्दा लगाउने धम्की दिएका थिए ।

- मिति २०७८ माघ २६ गते नेपाल पत्रकार महासंघ सुर्खेत शाखाका उपाध्यक्ष तथा ग्यालेक्सी टेलिभिजनका कर्णाली प्रदेश व्यूरो प्रमुख सुदीप पुरी र सदस्य तथा उकेरा डटकमका पत्रकार जगतदल जनाला विकलाई समाचारको विषयलाई लिएर कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री छिरिङ डम्डुल लामा (कार्चेन) का बारेमा संप्रेषित समाचारको विषयलाई लिएर मन्त्रीका समर्थक तथा निकटस्थ व्यक्तिहरूले पत्रकारद्वयलाई अपशब्द प्रयोग गरी गालीगलौज गर्ने तथा सामाजिक सञ्जालमा समेत अपमानजनक शब्द प्रयोग गरिएको थियो ।

- मिति २०७८ माघ १९ गते झापास्थित बिएण्डसी अस्पतालका बारेमा एक सञ्चारमाध्यममा प्रकाशित समाचारको खण्डनका लागि अस्पतालका कार्यकारी निर्देशक दुर्गा प्रसाईले पत्रकार सम्मेलन गरेर पत्रकारहरूलाई सार्वजनिक रूपमा धम्की दिएका थिए । कार्यकारी निर्देशक प्रसाईले अस्पतालबारे एक सञ्चारमाध्यममा आएको समाचारको खण्डन गर्न २०७८ माघ १९ गते पत्रकार सम्मेलनको आयोजना गरी पत्रकारिताको बद्नामसँगै पत्रकारहरूलाई सार्वजनिक रूपमा ठाडो धम्की दिएका थिए ।

- २०७८ पुस २१ गते नेपाल पत्रकार महासंघ रौतहट शाखाका अध्यक्ष प्रेमचन्द्र झालाई जिल्ला प्रशासन कार्यालय रौतहटका प्रशासकीय अधिकृत

रामकुमार तिमल्सेनाले दुर्व्यवहार गरेका थिए । महासंघ रौतहट शाखाका अनुसार एक पत्रिकाको अनलाइन दर्ता सम्बन्धमा पुस २१ गते बुधबार जिल्ला प्रशासन कार्यालय रौतहट पुगेका अध्यक्ष झालाई प्रमुख जिल्ला अधिकारीको अगाडि नै उहाँकै कार्यकक्षमा निज प्रशासकीय अधिकृत तिमल्सेनाले अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गरेका थिए ।

- २०७८ पुस १६ गते प्रकाशित समाचारको विषयलाई लिएर रातोपाटी अनलाइनका कर्णाली प्रदेश प्रतिनिधि पंखबहादुर शाहीलाई सामाजिक सञ्जालमार्फत अपशब्द प्रयोग गर्दै गालीगलौज र भौतिक कारबाहीको धम्की दिइएको थियो । महासंघ सुर्खेत शाखाका अनुसार रातोपाटी अनलाइनमा पुस १५ गते बिहीबार वीरेन्द्रचोकमा वीरेन्द्रको शालिक पुनर्स्थापनासम्बन्धी समाचार प्रकाशित भएपछि पत्रकार शाहीलाई राजकुमार शाही, भरत शाही ठकुरी, टिजंग शाहीलगायतका व्यक्तिले सामाजिक सञ्जालमार्फत गालीगलौज र भौतिक कारबाहीको धम्की दिएका थिए ।

- २०७८ मंसिर १४ गते समाचार संकलनका क्रममा सोलुखुम्बुस्थित सोलु एफएमका समाचार सहायक एवं उज्यालो नेटवर्कका सुबास दर्नाल र र मन वनमाथि हातपात भएको थियो । नेपाली कांग्रेस जिल्ला कार्यसमिति सोलुखुम्बुको निर्वाचनको क्रममा भएको मतदान र मतगणनाको समाचार संकलनका लागि पुगेका पत्रकारद्वय दर्नाल र वनमाथि विद्यार्थी नेताहरूले हातपात गरी सञ्चार सामग्रीमा समेत क्षति पुऱ्याएको महासंघ सोलुखुम्बु शाखाले जनाएको छ ।

- २०७८ मंसिर ७ गते नेपाल पत्रकार महासंघका पूर्वउपाध्यक्ष खिलबहादुर भण्डारीलाई उहाँको निवासमा प्रवेश गरेका सादा पोशाकका प्रहरीले दुर्व्यवहार गरेका थिए । बुढानीलकण्ठ नगरपालिका-११ कपनस्थित पूर्वउपाध्यक्ष भण्डारीको घरमा केही महिना अगाडि डेरा बसी छाडिसे केका व्यक्तिको बारेमा सोधखोज गर्न पुगेका ५ जना सादा पोशाकका प्रहरीलाई के कसो भनी जानकारी लिन खोज्दा प्रहरीले उल्टै उहाँलाई दुर्व्यवहार गरेका थिए ।

- २०७८ असोज ९ गते समाचारको विषयलाई लिएर रेडियो नयाँ कर्णाली एफएममा कार्यरत सञ्चारकर्मी ललित विष्टमाथि कार्यालय हाताभित्र हातपात भएको थियो । सञ्चारकर्मी विष्टमाथि सामाजिक सञ्जाल र अनलाइनमा समाचारको स्रोत खुलाई प्रकाशित गरेको भन्दै कालीकोट जिल्लास्थित शुभकालिका गाउँपालिका उपाध्यक्ष पम्फाकुमारी शाहीले कार्यालय हाताभित्रै हातापात गरेकी र उहाँका श्रीमान् बखत शाहीले

गोरखापत्र संवाददाता सिम्खडालाई ज्यान मार्ने धम्की दिएका थिए ।

- २०७८ असोज १० गते समाचार संकलनका क्रममा महासंघ काठमाडौं शाखाका सदस्य एवं नेपाली जनता अनलाइनका सम्पादक यज्ञ ढकालमाथि काठमाडौं उपत्यका खानेपानी लिमिटेड महाकालचौरका खरिद प्रमुखसहितका कर्मचारीले हातपात गर्दै दुर्व्यवहार गरेका थिए ।

- २०७८ भदौं २७ गते समाचार संकलनका क्रममा नेपाल पत्रकार महासंघ कास्की शाखाका सदस्यद्वय रञ्जन अधिकारीमाथि भएको हातपात र प्रल्हादचन्द्र घिमिरेमाथि दुर्व्यवहार भएको थियो । भदौ २७ गते ठगी आरोपमा पक्राउ परेका व्यक्तिको विषयमा समाचार संकलनका लागि जिल्ला प्रहरी कार्यालय कास्की पुगेका पत्रकारले फोटो खिचेको निहुँमा ठगी काण्डका पीडित युवराज लामा र नवराज शर्मालगायतले आक्रोश पोख्दै पत्रकारमाथि हातपात र दुर्व्यवहार गरेका थिए ।

- २०७८ भदौं २४ गते प्रकाशित समाचारको विषयलाई लिएर महोत्तरीस्थित रेडियो रूपान्तरण १०६.३ मेगाहर्जमा कार्यरत सञ्चारकर्मी नागेन्द्र साहलाई सर्लाहीस्थित धनकौल गाउँपालिका-४ का कुन्दन मिश्रा (राजन) भन्ने व्यक्तिले भदौ २४ गते विहीबार फोनबाट ज्यान मार्ने धम्की दिएका थिए ।

- २०७८ भदौ २६ गते समाचार संकलनका लागि काठमाडौंस्थित मेरियट होटल पुगेका एभिन्युज टेलिभिजनका संवाददाताद्वय शीतल रिजाल र सुरेश रजकमाथि प्रहरीले दुर्व्यवहार गर्दै हातपात गर्नुका साथै उनीहरूको क्यामेरा खोसेर तोडफोड गरेको थियो ।

- २०७८ भदौ २० गते हेडलाइन मिडिया प्रालिद्वारा प्रसारण गर्दै आएको 'हेडलाइन विशेष' कार्यक्रममा सागर थापा भन्ने व्यक्तिको विषयमा प्रसारित समाचार सामग्रीलाई लिएर पत्रकार सन्जीव रेग्मीलाई सागर थापा भन्ने व्यक्तिले भौतिक कारबाहीको धम्की दिएको थियो । निज थापाले गरेका विभिन्न ठगी धन्दालगायतका विषयमा उक्त कार्यक्रममा पटकपटक समाचार सामग्री प्रसारण भएपछि प्रहरीले थापालाई पक्राउ गरेको थियो । निज थापाले पक्राउ पर्नुअगाडि पत्रकार रेग्मीलाई सामाजिक सञ्जाल फेसबुकमार्फत भौतिक कारबाहीको धम्की दिनुका साथै फोनबाट साथै गुण्डा लगाएर बाटो कुरेरसमेत धम्काएको रेग्मीले महासंघमा गुनासो गर्नुभएको थियो ।

- २०७८ भदौं ७ गते प्रकाशित समाचारको विषयलाई लिएर नेपाल पत्रकार महासंघ सुर्खेत शाखाका सदस्य तथा नागरिक दैनिकका कर्णाली

प्रदेश व्युरो प्रमुख नगेन्द्र उपाध्याय र महासंघ कालीकोट शाखाका सदस्य एवं अन्नपूर्ण पोष्ट दैनिकका संवाददाता विष्णुप्रसाद न्यौपानेलाई भौतिक आक्रमण गर्ने धम्की दिइएको थियो । भदौ ७ गते सोमबार नागरिक दैनिकमा प्रकाशित 'मन्त्रीमाथि बलात्कारको आरोप' शीर्षकको समाचार र भदौ ६ गते आइतबार अन्नपूर्ण पोष्ट अनलाइनमा प्रकाशित ' कर्णाली प्रदेशका कृषिमन्त्री शाहीलाई बलात्कारको आरोप' शीर्षकको समाचारलाई लिएर पत्रकारद्वय उपाध्याय र न्यौपानेलाई कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री कुर्मराज शाहीका स्वकीय सचिव प्रेमबहादुर बुढाले टेलिफोनबाट र प्रेस सल्लाहकार नन्दकेश अधिकारीलगायतका व्यक्तिहरूले सामाजिक सञ्जाल फेसबुकबाट भौतिक कारबाहीको धम्की दिएको पीडित पत्रकारले जानकारी दिएका छन् ।

- २०७८ साउन ७ गते नेपाल पत्रकार महासंघको एसोसिएट संस्था नेपाल खेलकुद पत्रकार मञ्चका सदस्य एवं मेरोखेल डटकमका सम्पादक बिभु श्रेष्ठ र खेल पत्रकार विभा थापालाई समाचार संकलनको क्रममा राष्ट्रिय फुटबल टिमका मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले दुर्व्यवहार गरेका थिए । बिहीबार एन्फा मुख्यालय सातदोबाटोमा राष्ट्रिय टिमको प्रशिक्षणका क्रममा सार्वजनिक स्थानमा गरिएको धुम्रपानको विषयमा प्रश्न सोधिएका बेला प्रशिक्षक अलमुताइरीले पत्रकारद्वयलाई दुर्व्यवहार गरेका थिए ।

- २०७८ साउन २ गते नेपाल पत्रकार महासंघका सदस्य तथा लुम्बिनी सञ्चार डटकमका प्रधानसम्पादक गजेन्द्र बुढाथोकीविरूद्ध कोकाकोलाको नेपालस्थित बोटलिङ प्लान्ट, बोटलर्स नेपालको व्यवस्थापनको तर्फबाट नाम तोकेर छानबिन गर्न र तह लगाउन निर्देशन दिँदै माइन्युटमार्फत धम्की दिएको थियो । बोटलर्स नेपालको ७३ प्रतिशत शेयर ने पाललाई थाहै नदिई नेपाल बाहिरै किनबेच गरिएको सन्दर्भमा २०७७ मंसिरदेखि राजस्व अनुसन्धान विभागले छानबिन गरिरहेको विषयमा पत्रकार बुढाथोकीले फलोअपसहित समाचार लेखेपछि बोटलर्स नेपालको व्यवस्थापनले ट्रेड युनियनमार्फत माइन्यूट नै गरी धम्की दिएको थियो ।

- २०७८ असार २१ गते नेपाल पत्रकार महासंघ झापा जिल्ला सदस्य पार्थ मण्डललाई झापाको कचनकवल गाँउपालिका वडा नं ६ मा अवस्थित लक्ष्मी माध्यमिक विद्यालयका प्रधानाध्यापक राजु बुढाथोकीले थाहा खबरमा प्रकाशित विद्यालयको सार्वजनिक खरिदसम्बन्धी समाचार प्रकाशन भएको विषयमा फोनमार्फत दुव्यवहार गर्नुका साथै सामाजिक सञ्जालबाट दुर्व्यवहार गरेका थिए ।

- २०७८ असार २१ गते नेपाल पत्रकार महासंघ दैलेख शाखा अध्यक्ष यज्ञराज थापा र कर्णाली प्रदेश परिषद सदस्य भरतराज अधिकारीमाथि सुरक्षाकर्मीले दुर्व्यवहार गरेका थिए । महासंघ दैलेख शाखाका अनुसार असार २१ गते दिउँसो १ बजेतिर समाचार संकलनका लागि दैलेखको नारायण नगरपालिका देवकोटाचोक नजिक प्रहरीले अगाडि बढे लाठी प्रहार गर्ने भन्दै अपशब्द बोल्दै दुर्व्यवहार गरेका थिए ।

- २०७८ असार ३ गते नेपाल पत्रकार महासंघको एसोसिएट संस्था नेपाल खेलकुद पत्रकार मञ्चका सदस्य तथा देश दैनिक डटकमका सम्पादक/प्रकाशक पारसविक्रम शाहमाथि समाचार संकलनका क्रममा प्रहरी सहायक निरीक्षक प्रतिभा सिंहले दुर्व्यवहार गरेकी थिइन् । समाचार संकलनका क्रममा स्वयम्भू पुगेका पत्रकार शाहलाई प्रहरी सहायक निरीक्षक सिंहले सूचना विभागबाट जारी पत्रकार परिचयपत्र देखाउँदा दे खाउँदै पनि 'बिहान के रिपोर्टिङ, कस्तो रिपोर्टिङ' भन्दै दुर्व्यवहार गर्दै स्वयम्भू प्रहरी वृत्त लगेर थापा थरका प्रहरी जवानले लाठी र बुट हान्दै बन्दुक तेर्साएर ठीक पार्ने धम्की दिएको थियो ।

- २०७८ असार १ गते समाचार प्रसारण भएको विषयलाई लिएर जनता टेलिभिजनमा कार्यरत पत्रकारद्वय शिखा श्रेष्ठ र धिरज बस्नेतलाई आफूलाई सामाजिक अभियन्ता बताउने ज्ञानेन्द्र शाहीले टेलिफोनबाट अपशब्द प्रयोग गर्दै धम्क्याएको थियो । केही दिनअघि सुर्खेतमा ज्ञानेन्द्र शाहीमाथि कुटपिट भएको थियो । सोही विषयमा जेठ ३१ गते सोमबार जनता टेलिभिजनको 'बाइलाइन' कार्यक्रम अन्तर्गत समाचार सामग्री प्रसारण भएपछि निज शाहीले असार १ गते पत्रकार श्रेष्ठलाई फोन गरी आफू र कार्यक्रमका प्रस्तोता बस्नेतलाई पनि अपशब्द प्रयोग गर्दै धम्क्याएको पीडित पत्रकारले महासंघमा जानकारी गराउनु भएको छ ।

- २०७८ जेठ २९ गते प्रकाशित समाचारको विषयलाई लिएर नुवाकोट जिल्लास्थित पञ्चकन्या गाउँपालिकाका अध्यक्ष तेजबहादुर तामाङले प्रेस विज्ञप्ति निकालेर सञ्चारमाध्यम र पत्रकारलाई लक्षित गर्दै धम्की दिएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ । जेठ २६ गते पालिकाखबर डटकम र दैनिकी डटकममा उक्त गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्न ल्याएको पैसा हराएको सम्बन्धी समाचार प्रकाशित गरेपछि अध्यक्ष तामाङले प्रेस विज्ञप्ति जारी गर्दै ' कानुनी लगायत अन्य जुनसुकै तबरले उपचार खोज्न आफू तयार रहेको' भन्दै सोको प्रतिवादको तयारी अवस्थामा रहन चुनौती दिंदै दुबै अनलाइन र पत्रकारलाई धम्कीपूर्ण भाषा प्रयोग गरी धम्क्याइएको थियो ।

- २०७८ जेठ १३ गते एपिवान टेलिभिजन महोत्तरी संवाददाता तथा नेपाल पत्रकार महासंघ शाखा सदस्य नवीन चौधरीलाई महोत्तरी जिल्ला जलेश्वर नगरपालिका ५ मा पर्ने पतैली गाँउका सन्जीवकुमार रायले विकास निर्माणको फोटो खिचेको भन्दै दुर्व्यवहार गर्नुका साथै भिडियो डिलिट गर्न लागाएका थिए ।

- २०७८ जेठ १९ गते नेपाल पत्रकार महासंघ कास्की शाखाका सदस्य एवं ताण्डवन्यूज डटकमका सम्पादक अर्जुन गिरीलाई समाचारको विषयलाई लिएर अज्ञात व्यक्तिले फोनबाट धम्क्याएको थियो । महासंघ कास्की शाखाका अनुसार उक्त अनलाइनमा जेठ १६ गते प्रकाशित 'नुभिव हत्या प्रकरणको' समाचारलाई लिएर महासंघका पूर्वपदाधिकारीको नाम लिँदै समाचार हटाउन र नहटाए नराम्रो हुन्छ भन्दै सम्पादक गिरीलाई अज्ञात व्यक्तिले फोनबाट धम्क्याएका थिए ।

- २०७८ जेठ १३ गते प्रकाशित समाचारको विषयलाई लिएर अन्नपूर्ण पोष्ट दैनिकका सुनसरी सम्वाददाता रत्नप्रसाद आचार्यलाई लक्षित गरी विभिन्न संघसंगठनले विज्ञप्ति निकालेर धम्क्याएका थिए । महासंघ सुनसरी शाखाका अनुसार जेठ ४ गते अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित 'सर्दु जलाधार १८२ विघा जग्गा फिर्ता' शीर्षक समाचारलाई लिएर पत्रकार आचार्यलाई अपमानजनक शब्द प्रयोग गरी नेविसंघ केन्द्रीय प्रविधि क्याम्पस धरान इकाइ कमिटी, पूर्व नगर सभापति नेपाली कांग्रेस धरान लगायतका संस्थाले विज्ञप्ति निकालेर पत्रकारलाई कारबाही गर्ने र सामाजिक वहिष्कार गर्ने भन्दै धम्क्याएका थिए ।

- २०७८ जेठ ४ गते नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिका सदस्य एंव एभिन्यूज टेलिभिजनका कपिलवस्तु सम्वाददाता गोपाल भण्डारीलाई समाचार संकलनका क्रममा प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेले दुर्व्यवहार गरेका छन् । नागरिक समाजका तर्फबाट जिल्ला प्रशासन कार्यालय कपिलबस्तुमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने क्रममा समाचार संकलनका लागि त्यहाँ पुगेका पत्रकार भण्डारीलाई प्रमुख जिल्ला अधिकारी पाण्डेले तस्बीर खिच्न रोक लगाउँदै दुर्व्यवहार गरेका थिए ।

- २०७८ बैशाख २१ गते रेडियो पूर्वी रूकुम एफएम १०३.२ मेगाहर्जमा कार्यरत पत्रकार जीतेन्द्र बुढाथोकी र लुम्बिनी भ्वाइस अनलाइनमा कार्यरत पत्रकार विक्रम परियारलाई उत्तरगंगा गाँउपालिका वडां न ९ को विकास योजनाको रकम भुक्तानीको विषयमा कार्यालयमा भएको विवादको भिडियो खिचेको भन्दै वडा अध्यक्ष सुरबहादुर रोकाले हातपातको प्रयास

गर्नुका साथै दुर्व्यवहार गरेका थिए ।

## ३. आक्रमण

- २०७८ असार १९ गते समाचार संकलनका क्रममा नेपाल लाइभका फोटो पत्रकार निमेषजङ्ग राईमाथि प्रहरीले लाठी प्रहार गरेर घाइते बनाएको थियो । विद्यार्थी संगठनद्वारा मीनभवनमा गरिएको प्रदर्शनको समाचार संकलनको क्रममा विद्यार्थी र प्रहरीबीच भएको धरपकडका कारण लडेका फोटो पत्रकार राईमाथि पत्रकारको पहिचान खुल्दाखुल्दै पनि प्रहरीले लाठी प्रहार गरेको थियो । आक्रमणबाट पत्रकार राईलाई सामान्य चोटपटक लागेको थियो ।

## ४. प्रसारण, प्रकाशन र संकलनमा अवरोध

- २०७८ पुस ६ गते प्रतिनिधिसभाको बैठकको समाचार संकलनका लागि गएका पत्रकारहरूलाई संसद सचिवालयले समाचार संकलनमा रोक लगाएको थियो । प्रतिनिधिसभाको बैठकको समाचार संकलनका लागि पुगेका पत्रकारलाई संघीय संसद् भवनको प्रतिनिधिसभामा रहेको पत्रकार कक्षमा 'माथिको आदेश भन्दै सुरक्षाकर्मीले प्रवेश गर्न रोक लगाएका थिए । यसअघि नियमितरूपमा पत्रकारलाई समाचार संकलनमा सहज हुँदै आएको थियो ।

- २०७८ मंसिर २८ गते बागमती प्रदेशमा प्रदेश सरकारले गरेको मन्त्रीमण्डल विस्तारका क्रममा निजी सञ्चारमाध्यमका पत्रकारलाई मन्त्रीहरूको शपथग्रहण कार्यक्रममा निषेध गरिएको थियो । पत्रकार महासंघ मकवानपुर शाखाका अनुसार प्रदेश प्रमुखको कार्यालयमा भएको कार्यक्रममा सरकारी सञ्चारमाध्यममा कार्यरत पत्रकारहरूलाइ प्रवेश दिइएको भएतापनि निजी सञ्चारमाध्यका पत्रकारहरूलाई कार्यक्रममा प्रवेश निषेध गरिएको थियो ।

- २०७८ मंसिर १६ गते कान्तिपुर दैनिकमा प्रकाशित समाचारको विषयलाई लिएर प्रदेश दुई सरकारका महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालयको लेटरहेडमा ध्यानाकर्षण भन्दै प्रेस विज्ञप्तिमार्फत विरोध गरेको छ । मंसिर १४ गते मंगलबार कान्तिपुर दैनिकमा 'मन्त्रीको अंगरक्षकको आतंक' शीर्षक समाचारलाई लिएर प्रदेश दुई सरकारका महिला बालबालिका युवा तथा खेलकुद मन्त्रीका स्वकीय सचिव निकेश त्रिपाठीले उक्त समाचारप्रति ध्यानाकर्षण भन्दै मन्त्रालयको लेटरहेडमा प्रेस विज्ञप्ति जारी गरेको महासंघ सर्लाही शाखाले जनाएको छ ।

- मिति २०७८ मंसिर २७ गते नेपाली काँग्रेसको १४औं महाधिवेशनका क्रममा समाचार संकलनका लागि पुगेका पत्रकारमाथि प्रहरी र निर्वाचन समितिका सदस्यहरूले दुर्व्यवहार गर्दै समाचार संकलनमा अवरोध गरेका थिए । महाधिवेशनका क्रममा तीन घण्टा ढिलो गरी सुरू भएको मतदानको फोटो खिच्न जान लागेका पत्रकाहरूलाई प्रहरी र निर्वाचन समितिका सदस्यहरूले भित्र जान नदिई दुर्व्यवहार गर्दै समाचार संकलनमा रोक लगाएका थिए ।

- न्याय क्षेत्रमा देखिएको विकृतिको अन्त्य र सर्वोच्च अदालतका प्रधानन्यायाधीशको राजीनामाको माग गर्दै नेपाल बार एसोसिएसनले गरे को शान्तिपूर्ण आन्दोलनको क्रममा २०७८ कार्तिक २९ गते पत्रकारहरूलाई अदालत र प्रहरी प्रशासनबाट समाचार संकलनमा अवरोध पुऱ्याइएको थियो । विभिन्न सञ्चारमाध्यमका पत्रकारहरू समाचार संकलना क्रममा सर्वोच्च अदालत पुग्दा प्रहरी तथा अदालत प्रशासनले पत्रकारलाई कार्यालय प्रवेशमा अवरोध गरेका थिए ।

- २०७८ भदौं ११ गते समाचार प्रकाशित गरेको विषयलाई लिएर इन्टरनेट सेवा प्रदायक निजी कम्पनी क्लासिक टेकले ओबी मिडिया प्रालिको अनलाइन प्रकाशन धधध|यगचदष्चबतलबनबच|लभत लाई 'ब्लक' गरेको थियो । भदौ ११ गते विराटनगरस्थित क्लासिक टेकको सेवा केन्द्रमा सेवाग्राहीले तालाबन्दी गरेको समाचार प्रकाशन गरेको विषयलाई लिएर उक्त अनलाइनलाई 'ब्लक' गरिएको थियो ।

- २०७८ असार २१ गते समाचार संकलनका क्रममा एभिन्युज टेलिभिजन र प्राइम टेलिभिजनमा कार्यरत पत्रकारमाथि पिंगलास्थानस्थित प्यारागन पब्लिक स्कुलको व्यवस्थापनले सञ्चार सामग्री तोडफोड गर्नुका साथै समाचार संकलनामा अवरोध गरेका थिए ।

- प्यारागन स्कुलले लकडाउनको अवस्थामा पनि विद्यार्थीबाट मनोमानी हिसावले शुल्क लिन खोजेपछि सोको विरोधमा अभिभावकहरू आन्दो लन गरेको विषयमा विहान ११:३० बजे समाचार संकलनका लागि स्कुल पुगेका एभिन्यूज टेलिभिजनका पत्रकार सरोज पौडेल, सुरेश रजक र शीतल रिजाल तथा प्राइम टेलिभिजनका दीपक अर्याल र सुन्दरबहादुर गुरूङमाथि स्कुल प्रशासनमा कार्यरत साहिर उदिन भन्ने व्यक्तिले समाचार संकलनमा अवरोध गर्नुका साथै आक्रमण प्रयास गर्दै दुबै टेलिभिजनको क्यामेरा र बुममा क्षति पुराइएको पीडित पत्रकारहरूले महासंघमा जानकारी गराएका छन् ।

- मिति २०७८ जेठ ११ गते समाचारको विषयलाई लिएर 'इमेजखबर

डटकम' का सम्पादक राजन कुइँकेल र 'नेपाल समय डटकम' का प्रधानसम्पादक नारायण अमृतलाई सर्वोच्च अदालतबाट सोधपुछका लागि बोलाई दुई घण्टा अदालतको रजिष्टारमा राखिएको थियो । नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष रमेश विष्ट र महासचिव रोसन पुरीसहित उपस्थित पत्रकारले समाचारको विषयमा प्रेस काउन्सिलमार्फत कानूनी प्रक्रियामा जाने भन्दै फर्कनु भएको थियो ।

- २०७८ बैशाख २२ गते कोभिड संक्रमणको दर बढेसँगै राजधानीस्थित अस्पतालमा उपचारका लागि जानेको संख्या बढेको तथा ज्यान गुमाउनेको संख्या पनि बढिरहेको सन्दर्भमा विभिन्न अस्पतालमा उपचाररत कोरोना संक्रमितका बारेमा समाचार संकलन गर्न पुगेका र अन्तिम संस्कारको फोटो खिच्नका लागि पशुपति क्षेत्रमा पुगेका पत्रकारलाई पशुपति क्षेत्र विकास कोष, अस्पताल प्रशासन र प्रहरीबाट समाचार संकलनमा रोक लगाएको थियो ।

## नीतिगत बन्देज

- नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा बसेको बैठकले सूचना तथा प्रसारण विभाग र न्यूनतम पारिश्रमिक निर्धारण समितिको पुनर्सरचना गरी एउटै निकाय बनाउने भन्ने निर्णयले प्रेस स्वतन्त्रतामा नीतिगत बन्देज भएको महासंघको ठहर छ । श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन गर्नका लागि सो ऐनले परिकल्पना गरेअनुसार गठित संरचनालाई मन्त्रालय अन्तर्गतको विभागभित्र सीमित गर्दा श्रमजीवी ऐन कार्यान्वयनमा व्यवधान पर्दछ ।

- २०७८ साउन २८ गते सरोकारवाला निकायको सुझावलाई बेवास्ता गर्दै 'सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक-२०७७' अगाडि बढाइएको छ । लोकतन्त्रमा सरकार आफैंले सार्वजनिक सञ्चारमाध्यम सञ्चालन नगर्ने विश्वव्यापी मान्यता एवं सार्वजनिक सेवा प्रसारणका आधारभूत सिद्धान्तविपरीत सरकारी स्वामित्व र नियन्त्रणमै राख्ने प्रस्तावसहित आएको विधेयकलाई अगाडि बढाइएकोमा महासंघले गम्भीर असहमति जनाएको हो । सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यम रेडियो नेपाल र नेपाल टेलिभिजनमा जनताको स्वामित्व कायम गर्ने र संघीय संसदप्रति जवाफदेही हुने गरी विधेयक आउनु पर्नेमा सरकारले फेरि पनि सरकारले आफ्नै नियन्त्रणमा राख्ने उद्देश्यले यसअघिको सरकारले ल्याएको विधेयक अगाडि बढाएको छ । यो विधेयक सरकारले २०७३ सालमा जारी गरेको राष्ट्रिय आमसञ्चार नीतिविपरीत पनि रहेको छ । महासंघलगायत

सरोकारवाला निकायको असहमति रहँदारहँदै पनि विधेयक अगाडि बढाएर सरकारले अलोकतान्त्रिक र अनुदार चरित्र प्रस्तुत गरेको छ । महासंघले प्रस्तुत विधेयकको परिभाषा, गठन विधि, उद्देश्य, संरचना, नियुक्ति प्रक्रिया, प्रतिनिधित्व तथा काम, कर्तव्य र अधिकारलगायतका प्रावधान सार्वजनिक सेवा प्रसारणका सर्वमान्य मान्यताविपरीत रहेको ठहर गरेको छ ।

- सरकारले २०७८ फागुन १९ गते राजपत्रमा प्रकाशित राष्ट्रिय प्रसारण (एघारौं संशोधन) नियमावली २०७८ का केही प्रावधानप्रति नेपाल पत्रकार महासंघको गम्भीर आपत्ती जनाउदै त्यहाँ उल्लेख गरिएको 'अनलाइन टेलिभिजन (इन्टरनेट टिभी) भन्नाले इन्टरनेटमार्फत आफैंले उत्पादन गरी नियमितरुपमा श्रव्य–दृश्य कार्यक्रम प्रसारण गर्ने कार्य सम्झनु पर्छ' भन्ने उल्लेख छ । यो अस्पष्ट व्याख्याले इन्टरनेटको प्लेटफर्ममार्फत आफ्नो अभिव्यक्ति दिन चाहनेहरूलाई निरूत्साहित र नियन्त्रण गर्ने खतरा देखा पर्दछ । इन्टरनेट प्लेटफर्मको सदुपयोग गर्न नागरिकलाई प्रोत्साहन गर्ने, त्यसरी उपयोग गर्दा स्वनियमनका लागि प्रेरित गर्ने र इन्टर नेटमार्फत ज्ञान र जानकारी हासिल गर्न सहजीकरण गर्ने दायित्व राज्यको हुनु पर्दछ । सामाजिक सञ्जालमार्फत व्यक्त विकृत सामग्रीलाई निरूत्साहित गर्दै स्वनियमन र आवश्यक परे सकारात्मक ढंगको नियमनका व्यवस्था गर्ने चाहना राख्नु स्वाभाविक र सकारात्मक हुँदाहुँदै पनि संशोधनमा उल्लिखित सो अस्पष्ट व्यवस्थाले अभिव्यक्ति स्वतन्त्रताका पक्षधरलाई सशंकित गराएको छ । तसर्थ अनलाइन टिभी र इन्टरनेट प्लेटफर्मका सम्बन्धमा आफ्नो स्पष्ट धारणा बनाएर अगाडि बढ्न महासंघ सरकारलाई आग्रह गर्दछ । त्यसैगरी संशोधनमा भएको अर्को व्यवस्थाले विदेशमा उत्पादित सामग्री प्रसारण गर्दा पूर्व स्वीकृति लिनुपर्ने अवस्था सिर्जना गरेको छ । नेपालको संविधानमा पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूत गरिसकेको अवस्थामा सञ्चारमाध्यममा सामग्री प्रकाशन, प्रसारण गर्ने कुरा असंवैधानिक र अव्यवहारिक ठहर्छ ।

## पेशागत असुरक्षा

- पाथसिड नेपाल, अन्तर्गत उकेरा डटकममा कार्यरत शिव खत्रीसहित अन्य ५ जना पत्रकार (१) जना महिलासहितले श्रमसम्बन्धी समस्या समाधान गर्न नेपाल पत्रकार महासंघमा २०७८ असार २८ गते निवेदन दिनुभएको छ ।

- बीबीसी नेपाली सेवामा स्थायी नियुक्त भएका अनुज कुँवरले आफूलाई सेवाबाट अवकाश दिएको भन्दै समस्या समाधन गर्न २०७८ साउन २७

गते नेपाल पत्रकार महासंघमा निवेदन दिनुभएको थियो ।

- जनता टेलिभिजनमा कार्यरत पत्रकार निराश तामाङले २०७८ साल बैशाखदेखि साउनसम्मको तलब नपाएको भन्दै नेपाल पत्रकार महासंघमा आवश्यक कारबाहीका लागि मिति २०७८ असोज ७ गते निवेदन दर्ता गर्नुभएको थियो ।

- दी हिमालय टाइम्समा कार्यरत पत्रकार उदिप्त सिंह क्षेत्री, बालकृष्ण थापा र अमित राणाले तलब नपाएको भन्दै २०७८ भदौं ४ गते महासंघमा निवेदन दिएको दिनुभएको थियो ।

- एभिन्यूज टेलिभिजनमा कार्यरत पत्रकार सुनिल सापकोटाले श्रमसम्बन्धी समस्या समाधान गरिदिन २०७८ साउन २८ गते महासंघमा निवेदन दिनुभएको थियो ।

- इमेल च्यानलमा कार्यरत पत्रकार कविर महर्जनलाई व्यवस्थापनले २०७६ साल चैत ११ देखि अनिवार्य बिदामा राखेकाले २०७७ चैत १२ गते राजीनामा दिनुभएको तर सेवासुविधा बाँकी राखेको भन्दै २०७८ साउन २९ गते महासंघमा निवेदन दिनुभएको ।

- कारोबार दैनिकमा काम गर्दा निरू अर्याल र भुवन पौडेलले पाउनुपर्ने भुक्तानी नपाएको भन्दै महासंघमा निवेदन प्राप्त भएको ।

- राजधानी दैनिकमा कार्यरत पत्रकारको सेवासुविधा लामो समयसम्म रोकिएको भन्दै महासंघमा निवेदन प्राप्त ।

- कान्तिपुर दैनिकमा कार्यरत यदुप्रसाद पोखेल र लक्ष्मीनारायण निरौलालाई अतिरिक्त शूल्क नदिई काममा लगाएको भन्दै महासंघमा २०७८ साउन ७ गते निवेदन प्राप्त ।

- अर्थडबली डटकममा कार्यरत विष्णु विकले आफू त्यहाँ कार्यरत रहँदाको सेवासुविधा नपाएको भन्दै महासंघमा निवेदन दिनुभएको ।

- नागरिक दैनिक झापा जिल्ला संवाददाता राजु अधिकारीले सेवासुविधा नपाएको भन्दै २०७८ भदौं २९ गते महासंघमा निवेदन दिनुभएको ।

- रिपब्लिक मिडियामा कार्यरत पत्रकार दिलकुमार आलेमगरले २०७४ देखि २०७६ सम्म काम गर्दा पाउनुपर्ने सम्पूर्ण सेवामध्य केही रकम पाउन बाँकी रहेको भन्दै महासंघमा निवेदन प्राप्त ।


- रिपब्लिक मिडियामा कार्यरत हिमनाथ देवकोटाले सेवामा रहँदाको पारिश्रमिक नपाएका भन्दै २०७८ साउन ७ गते महासंघमा निवेदन प्राप्त ।
- रिपब्लिक मिडियामा कार्यरत २४ जना जिल्ला संवाददाताले पाउनुपर्ने सेवासुविधा नपाएको भन्दै महासंघमा २०७८ साउन ४ गते सामूहिक निवेदन दिनुभएको ।
- नाइस टेलिभिजनमा कार्यरत सन्दिप सुवेदीले पारिश्रमिक नपाएको भन्दै २०७८ भदौं २८ महासंघमा निवेदन दिनुभएको ।
- अन्नपूर्ण पोष्ट दैनिकमा कार्यरत पत्रकार रामकृष्ण अधिकारीसहित २८ जना पत्रकारले नियमित पारिश्रमिक नपाएको भन्दै महासंघमा निवेदन दिनुभएको ।
- कान्तिपुर टेलिभिजनमा कार्यरत पत्रकार दीपा दाहाललाई व्यवस्थापन पक्षले श्रमजीवी पत्रकार ऐनअनुसार व्यवहार नगरी पेशाबाट बञ्चित गरेको भन्दै महासंघमा निवेदन दिनुभयो ।
- इमेज च्यानलमा कार्यरत ८५ जना पत्रकार तथा कामदारले २०७७ को दशैंतिहारदेखिको भत्ता लगायत अन्य सुविधा नदिएको भन्दै महासंघमा निवेदन प्राप्त भएको ।
- राजधानी दैनिकमा कार्यरत पत्रकार तथा कर्मचारीहरूलाई तलब, चाडपर्व खर्च उपलब्ध नगराएको भनी महासंघमा निवेदन प्राप्त भएको ।
- विकास टाइम्स डटकममा कार्यरत पत्रकार चन्द्रिका सिवाकोटीले २०७७ फागुन १४ गतेदेखि २०७८ भदौ २७ गतेसम्म काम गर्दा २० हजार बाँकी रहेको भनी महासंघमा निवेदन प्राप्त ।
- क्यापिटल एफएममा कार्यरत पत्रकार समिसा मोतेले २०७६ चैत ११ देखि २०७७ साल साउन २ गतेसम्म काम गर्दा २ महिनाको रकम पाउन बाँकी रहेको भनी महासंघमा २०७८ माघ २० गते निवेदन दिनुभएको ।
- दी हिमालयन टाइम्ससमा कार्यरत पत्रकार ऋषिराम बरालले २०५९ सालदेखि पोखरा संवाददाता भई २०७७ भदौ महिनासम्मको तलब नदिएको भनि महासंघमा निवेदन दिनुभएको ।
- टुडे एक्सपेसमा सोमबहादुर बिकले संस्थाबाट राजीनामा दिएपनि पाउनु पर्ने २ महिनाको सेवा सुविधा नपाएको भनी महासंघमा निवदेन प्राप्त

भएको ।

- न्यूज २४ मा कार्यरत देवराज पन्तले राजीनामा दिएको भएपनि पाउनुपर्ने सेवासुविधा हालसम्म नपाएको भनी महासंघमा निवेदन प्राप्त भएको ।
- मेघा टेलिभिजनका कार्यरत पत्रकार सन्देश शेर्पाले २०७६ फागुनदेखि २०७७ फागुन २ सम्म काम गर्दा आफूले पाउनुपर्ने पारिश्रमिक नपाएको भनी महासंघमा निवदेन प्राप्त भएको ।
- २०७८ कार्तिक १६ गते गोरखापत्र दैनिकका कार्यरत २९ जना स्ट्रीन्जर पत्रकारलाई व्यवस्थापनले रोजगारीबाट निकालेको ।
- सगरमाथा एफएममा कार्यरत पत्रकार उर्वसी बस्नेतलाई व्यवस्थापन पक्षले श्रमजीवी पत्रकार ऐनअनुसार व्यवहार नगरेको भन्दै २०७८ असोज १७ गतेको महासंघमा निवेदन प्राप्त भएको ।
- जनता टेलिभिजनमा कार्यरत पत्रकार निरस तामाङले ३ महिनाको तलब नपाएको भनी महासंघमा असोज ७ गते निवेदन दिनुभएको ।
- मुकाम मिडिया प्रालिमा कार्यरत पत्रकार माया पाण्डेले २०७८ बैशाख २० देखि असार १३ गतेसम्मको पारिश्रमिक नपाएको भनी महासंघमा निवेदन दिनुभएको ।
- नेपालडेली डटकममा कार्यरत पत्रकार पुष्पाकुमारी महराले २०७८ असोस ८ गतेदेखि नियमित तलब नपाएको भनी महासंघमा निवेदन दिनुभएको ।

## संघीय प्रणाली र सञ्चारसम्बन्धी

# कानुन



**सञ्चारसँग सम्बन्धित कानुनहरू तर्जुमा भइरहँदा ती कानुनहरू संविधान र नेपालको अन्तर्राष्ट्रिय कानुनहरूसम्बन्धी प्रतिवद्धताअनुरूप हुननसकेको र प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्नमा अवरोध सिर्जना गर्ने खतरा भइरहेको आलोचना आइरहेका छन् ।**

**तारानाथ दाहाल**

नेपालमा यतिबेला सञ्चारसम्बन्धी कानुनहरूमा परिमार्जन र नयाँ कानुनहरू तर्जुमाको लहर छ । नेपालको संविधान २०७२ ले देशमा तीन तहको राज्य संरचनासहित संघीय प्रणाली अवलम्बन गरेपछि सिर्जना भएका तीनै तह- संघ, प्रदेश र स्थानीय तहमा विधायिकी अधिकार अन्तरनिहित छ । यसैले संघ, प्रदेश र स्थानीय तहमा विभिन्न कानुनहरू बनाउने सिलसिला केही वर्षदेखि सुरू भएको हो । यो क्रममा सञ्चार क्षेत्रसँग सम्बन्धित अधिकारहरूको कार्यान्वयनको लागि पनि कानुनहरू बनिरहेका छन् । कतिपय कानुनहरू तर्जुमामै कार्यान्वयनको तहमा गइसकेका छन् भने कतिपय कानुनहरू विधायिकी तहहरूमा विचाराधीन छन् ।

सञ्चारसँग सम्बन्धित कानुनहरू तर्जुमा भइरहँदा ती कानुनहरू संविधान र नेपालको अन्तर्राष्ट्रिय कानुनहरूसम्बन्धी प्रतिवद्धताअनुरूप हुननसकेको र प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्नमा अवरोध सिर्जना गर्ने खतरा भइरहेको आलोचना आइरहेका छन् । खासगरी प्रदेश तह र स्थानीय तहमा बनेका र बन्न लागिरहेका कानुनहरूमा संविधानका सीमाहरू र संघीय ऐनहरूसँग अनुकुल

नभएको विषय उठिरहेको छ भने संघीय तहमा पनि अति आवश्यक कानुनहरू तर्जुमा भइरहेको र बनाइएका तथा बनाउन प्रस्तावित सञ्चार कानुनहरू भने स्वतन्त्र प्रेसको अनुकूल हुन नसकेको गुनासो पनि छ । यस पृष्ठभूमिमा संविधानले सिर्जना गरेका राज्य संरचना र ती संरचनामा विभाजन गरिएका राज्यशक्तिको बाँडफाँड तथा सो सम्बन्धमा अधिकार क्षेत्रहरूको सूची प्रस्तुत गरिएका संविधानका अनुसूचीहरूमा उल्लिखित अधिकार क्षेत्रहरू बीचमा तीनै तहमा स्पष्टताको कमी र साझा अवधारणाको अभाव देखिएको छ । यस्तो समस्या सञ्चारसँग सम्बन्धित कानुनहरूमा निकै देखापरेको छ ।

नेपालको संविधानअनुसार राज्यको कार्यकारी अधिकार तीन तहमा बाँडफाँड गरिएको छ । संविधानको अनुसूचीको ५ मा संघको अधिकारको सूची , अनुसूची ६ मा प्रदेशको अधिकारको सूची, अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार को सूची, अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची व्यवस्था गरिएको छ । ती पाँच वटै सूचीमा सूचना तथा सञ्चार  र पत्रकारितासंग सम्बन्धित विषयको अधिकार पनि उल्लेख छ ।

| अनुसूची ५ (संघीय सरकारको अधिकार) | अनुसूची ६ (प्रदेश सरकारको अधिकार) | अनुसूची ७ (संघ र प्रदेश सरकारको साझा अधिकार) | अनुसूची ८ (स्थानीय तहको अधिकार) | अनुसूची ९ (तीन तहको साझा अधिकार) |
|---|---|---|---|---|
| रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, रेडियो र टेलिभिजन | रेडियो, एफ.एम र टेलिभिजन सञ्चालन | सञ्चारमाध्यम सम्बन्धी | एफएम सञ्चालन | पत्रपत्रिका |

उपरोक्त अधिकार सूचीमा उल्लेख नभएका अन्य विषयहरू अनुसूची ५ मा नै पर्ने स्पष्ट पारिएको छ । यो सूचीलाई स्पष्ट र विस्तृत पार्ने कानुन हालसम्म बनेको छैन । तीनै तहको सरकारको अधिकार क्षेत्रमा परेका विषयमा पनि पहिला संघीय ऐन बन्नु आवश्यक छ । तर यसअनुसार हालसम्म माथि उल्लेख गरिएका अधिकार क्षेत्रसँग सम्बन्धित संघीय ऐन बनेको छैन । त्यसैले अधिकार प्रयोग र व्याख्यामा अन्योल छ । दोहोरो-तेहेरो र फरक-फरक मापदण्डका नियमनकारी ऐन, नीति र संस्थाहरू खडा भइरहेका छन् ।

नेपालको संविधान (२०७२) कार्यान्वयनमा आएयता नेपालको सञ्चारसम्बन्धी विद्यमान मुख्य कानुनहरू जस्तै-छापाखाना तथा प्रकाशन ऐन-२०४८, राष्ट्रिय प्रसारण ऐन २०४८, प्रेस काउन्सिल ऐन-२०४८ र श्रमजीवी पत्रकारसम्बन्धी

ऐन-२०५१ सहित अन्य ऐन-कानुनहरूमा केही शब्दावली समायोजन बाहेक ठोस परिवर्तन भएको छैन ।

राज्यको नयाँ संरचना र प्रणाली अनुकूल मौजुदा केन्द्रीय ऐनहरूलाई पनि तदनरूप सुधार गर्ने वा प्रतिस्थापन गरी नयाँ ऐन बनाउनेतर्फ खासै काम हुननसकेको र राज्यका नयाँ संरचनाहरू प्रदेश तथा स्थानीय सरकारहरूले संविधानको अनुसूचीले दिएका अधिकार कार्यान्वयनका लागि विभिन्न ऐनकानुन तर्जुमा गर्न खोज्दा अहिले निकै समस्याहरू देखिएका छन् । खासगरी सञ्चार क्षेत्रको नियमनका सन्दर्भमा नियन्त्रणात्मक सोच राखेर ती निकायहरूमा कानुनहरू बनिरहेकाले सरोकारवालाहरूले निरन्तर चासो व्यक्त गर्दै आएका छन् ।

काशीराज दाहाल अध्यक्ष रहनुभएको सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समितिले २०७२ सालमा नेपाल सरकारलाई बुझाएको प्रतिवेदनको परिच्छेद ४ मा भए सम्बन्धमा स्पष्ट सुझाव दिँदै भनेको थियो, "संविधानको व्यवस्थाअनुसार संसदले कानुन बनाई अधिकार प्रयोगमा द्विविधा नहुनेगरी स्पष्ट गर्न आवश्यक छ ।" अधिकार प्रयोगलाई कानुनद्वारा स्पष्ट गर्न सकिएन भने संघ, प्रदेश र स्थानीय तहबीच विवाद उत्पन्न हुनसक्छ । तर यो प्रतिवेदनको सुझावअनुसार सञ्चार क्षेत्रको छाता ऐनको रूपमा परिकल्पना गरिएको आमसञ्चारसम्बन्धी विधेयक अझै संसदमा आउन सकेको छैन । संसदमा आएको मिडिया काउन्सिल विधेयक पनि अझै पारित भएको छैन ।

संविधानको अनुसूची ५ देखि ९ सम्म उल्लिखित अधिकार सूचीहरूको स्पष्टता र विस्तृतीकरण गरी तदनुकूल संघीय ऐनहरू बन्न नसक्दा मन्त्रीपरिषदले गरेको सूचीहरूको विस्तृतीकरणसम्बन्धी सूचीलाई नै आधार मानेर प्रदेश र स्थानीय तहहरूमा कानुन निर्माण भइरहेको देखिन्छ । तर अधिकारको विस्तृतीकरण र व्याख्या मन्त्रीपरषदले गरेको निर्णयबाट कार्यान्वयन हुनु संवैधानिक वैधताका दृष्टिले प्रश्न उठ्नसक्ने विषय हो । किनकि मन्त्रीमण्डललाई संविधानको कार्यान्वयन गर्ने दायित्व त छ तर त्यसलाई विस्तृतीकरण र व्याख्या गर्ने तथा कानून सरह मापदण्ड तोक्न अधिकार पनि रहेको मान्न सकिन्न । संसदबाट संविधानको मौलिक हकरूसँग सम्बन्धित विषयका सम्बन्धमा केही ऐनहरू बनाइएको भएपनि सञ्चारसँग सम्बन्धित हकको प्रचलनका लागि निर्देशित गर्ने र अनूसुचीहरूमा उल्लिखित कार्यक्षेत्र बमोजिमका साझा विषयहरूको सम्बन्धमा स्पष्टता आउने ऐनहरू नबनेको अवस्था छ ।

संविधानको अनुसूची उल्लिखित अधिकार सूचीअनुसार स्थानीय तहको अधिकार क्षेत्रमा एफएम रेडियो सञ्चालन, स्थानीय पत्रपत्रिकाको विकास तथा केवुल प्रसारण माध्यमहरू जस्ता केही विषय छन् । तर यी विषयको निरूपणका लागि मौजुदा राष्ट्रिय प्रसारण ऐन र छापाखाना तथा प्रकाशन ऐनमा संशोधन हुनुपर्ने

थियो । तर यी ऐनहरूमा संशोधन भएको छैन । यसैगरी प्रदेशका अधिकार सूचीमा टेलिभिजन तथा एफएम रेडियो सञ्चालन, केबुलमा आधारित टेलिभिजन अनुगमन र नियमन तथा प्रदेशस्तरीय पत्रपत्रिकाको विकाससँग सम्बन्धित विषयहरू छन् । यसका लागि पनि राष्ट्रिय प्रसारण ऐन र छापाखाना तथा प्रकाशन ऐनको मौजुदा व्यवस्थाहरूमा सुधार आवश्यक छ । पत्रपत्रिकासँग सम्बन्धित विषय के–के हुन् भन्ने स्पष्ट छैन । दर्ता इजाजतदेखि विषयवस्तु नियमनका लागि प्रेस काउन्सिलका अधिकारहरूसमेत यससँग जाडिन्छ । तर, संविधानमा विस्तृतीकरण नभएकोले सोको विस्तृतीकरण गरिएको मन्त्रीपरिषद्को निर्णयअनुसारको सूचीलाई आधार बनाएर कानुनहरू तर्जुमा भइरहेका देखिन्छन् ।

मुख्यरूपमा प्रसारण माध्यमहरूको आधार मानिने फ्रिक्वेन्सीको व्यवस्थापन संघीय सरकारमा नै रहने भएपछि रेडियो र टेलिभिजन नियमनको मूल कानुन संघमा स्पष्ट हुनुपर्ने आवश्यकता छ । यसैगरी पत्रपत्रिकाको सन्दर्भमा केन्द्रीय, प्रदेशस्तर र स्थानीयस्तर भनेर छुट्ट्याउने आधार र मापदण्डसहितको कानुनी संरचनाको प्रबन्ध भएपछि मात्रै के कस्तो पत्रपत्रिका कुन–कुन तहबाट, कुन–कुन विषयमा नियमन गरिने हो ? स्पष्ट हुन्छ ।

पत्रकार र इन्टरनेट, यी दुबै विषयलाई भौगोलिक सीमामा कसरी छुट्ट्याउने ? सो बारे स्पष्टताको अभाव देखिन्छ । पत्रकारहरूले राज्यका निकायबाट इजाजत प्रमाणपत्र लिनुपर्ने र सोको आधारमा तत् सरकारले नियमन गर्ने पक्ष स्वतन्त्र प्रेसको मान्यतासँग मेल खाँदैन । त्यसैगरी अनलाइन मिडिया नियमनलाई पनि स्थानीय र प्रदेश तहले लाइसेन्स प्रणालीमा सीमित गर्न नसकिने विषय हो । तर यी विषयको स्पष्टताका लागि पनि आमसञ्चारसम्बन्धी संघीय छाता ऐन तर्जुमा नभएकोले यसबारे समस्याग्रस्त कानुनहरू प्रदेश तहमा बनिरहेका छन् ।

मौजुदा कानुनले पत्रपत्रिका दर्ताको अधिकार गृहमन्त्रालय अन्तरगतको प्रमुख जिल्ला अधिकारीलाई र सूचना तथा प्रसारण विभागलाई छ भने अभिलेखीकरणको अधिकार प्रेस काउन्सिल र विभागलाई छ । प्रसारण संस्थाको लागि सूचना प्रविधि तथा सञ्चार मन्त्रालयलाई र सो अन्तरगतको सूचना तथा प्रसारण विभागलाई छ ।  अनलाइन मिडियालाई समेत विभाग र प्रेस काउन्सिलमा दर्ता, सूचीकरण र नवीकरण गर्ने जस्ता विभिन्न नियमनकारी व्यवस्था प्रयोगमा छ । तथापि यस अनलाइन मिडिया नियमनको यस व्यवस्थाबारे स्पष्ट ऐन छैन । प्रदेश सरकारहरूले इजाजत दर्ता, नवीकरण जस्ता विभिन्न नियमनका अभ्यास गरेपनि अन्ततः केन्द्रीय निकायबाटै यसको लागि नियमन भइरहेको छ । स्पष्ट कानुनको अभावमा प्रसारण संस्थाको स्थापना र सञ्चालनका लागि अनेक निकायमा पुग्नुपर्ने झन्झटहरू थपिएका छन् ।

सञ्चारसँग सम्बन्धित अधिकार क्षेत्रको बाँडफाँडमा एकल अधिकार क्षेत्रका विषय कम छन् । संघीय तहको लागि एकल अधिकारका क्षेत्र छन्- फ्रिक्वेन्स व्यवस्थापन, रेडियो, टेलिभिजन, अनलाइन व्यवस्थापन । तर, प्रदेश र स्थानीय तहका लागि स्पष्टरूपमा एकल अधिकारको सूची छैनन् । 'रेडियो र टेलिभिजन' संघीय सरकारको कार्यक्षेत्र भनेर अनुसूची ५ मा उल्लेख छ । तर, प्रदेशमा 'रेडियो, एफएम, टेलिभिजन सञ्चालन' भन्ने शब्दावली अनुसूची ६ मा छ । 'सञ्चालन' शब्दको दायरा के हो भन्ने स्पष्टताको लागि नै कानुनको आवश्यकता छ ।

यस्तै अनुसूची ७ मा संघ र प्रदेशको साझा सूचीमा 'सञ्चारमाध्यम सम्बन्धी' भन्ने शब्दावली छ यो अधिकार क्षेत्र अन्तरगत के-के माध्यमसँग अन्तरगत र के-के माध्यमको कुन-कुन विषय प्रदेश अन्तरगत हुने भन्ने स्पष्टताका लागि पनि संघीय कानुनको आवश्यकता छ । अनुसूची ८ अनुसार स्थानीय तहमा 'एफएम सञ्चालन' भन्ने शब्दावली एकल अधिकारमा छ । तर, यो शब्द प्रदेश अधिकार क्षेत्रमा पनि उल्लेख छ र एफएम भनेको रेडियोको एउटा फ्रिक्वेन्सी प्रवाह हुने प्रविधिमात्रै हो । अनि फ्रिक्वेन्सीको एकल अधिकार अनुसूची ५ अनुसार संघमा छ ।

यस प्रकारको संवैधानिक व्यवस्थाले सिर्जना गरेको दोहोरोपन र अन्योलको अन्त्य गर्न आवश्यक देखिन्छ । 'पत्रपत्रिका' संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेको अनुसूची ९ मा उल्लेख छ । यो अनुसार पत्रपत्रिकाबारे नियमनको अधिकार तीनै तहलाई रहने भयो । तर, त्यसको आधार र मापदण्ड स्पष्ट नभएकोले यसबारे पनि कुन तहलाई कुन-कुन अधिकार रहने र सोको कानुनी प्रबन्ध कसरी गर्ने भन्नेमा स्पष्टताको खाँचो देखिन्छ ।

सञ्चारको हक (धारा १९ संविधान)का सीमा बन्देजलाई विभिन्न क्षेत्रगत र विषयगत कानुनले नै नियमन गर्दछ । जस्तैः राष्ट्रिय सुरक्षा र राष्ट्रिय हित, सार्वजनिक सुरक्षा र हित, गाली बेइज्जती, अश्लीलता, घृणाजन्य अभिव्यक्ति, धार्मिक दुष्प्रचार, अपराधको दुरूत्साहन आदि विषय देवानी र फौजदारी संहिताले नै समेटेका छन् । अरू विषय सञ्चार र सञ्चारमाध्यमको नियमन सम्बन्धी संघीय ऐनमा नै स्पष्ट नभएसम्म प्रदेश र स्थानीय कानुनले विषयबस्तुको नियमनका क्षेत्रमा प्रवेश गर्दा समान मान्यता कायम हुन नसकेको स्थिति देखिन्छ । मानवअधिकार, मौलिक हक र फौजदारी कसूर जस्ता विषयमा पनि प्रदेश कानुन प्रवेश गरेका छन् । यस सम्बन्धमा स्पष्ट मान्यता स्थापित नहुँदा ती कानुनहरूले मानवअधिकारका मान्यताहरूलाई कमजोर पारेका छन् ।

यसैगरी- अधिकार क्षेत्रहरूको अस्पष्टताले गर्दा संघीय कानुनमा व्यवस्था हुनुपर्ने विषयहरू जस्तैः

प्रसारणका माध्यमहरूमध्ये कुन-कुन र कति क्षमताको कुन तहले के कसरी सञ्चालन गर्ने, विदेशी प्रसारकको जडनलिंक र वितरण प्रणालीमा कुन-कुन

तहको के-के भूमिका हुने, पत्रपत्रिकाको अभिलेख व्यवस्थापन प्रणाली के-के आधारमा कुन-कुन तहबाट गर्ने र अनलाइन/डिजिटल प्रविधिका सञ्चारमाध्यमहरूको पहिचान र नियमनको आधार के-के हुने र कसले गर्ने भन्ने प्रश्नहरूको निरूपण आवश्यक छ ।

यस्तै, प्रदेश कानुनमा व्यवस्था हुनुपर्ने विषयहरू जस्तै :

प्रदेशस्तरीय पत्रपत्रिकाको मापदण्ड निर्धारण, अभिलेखीकरण के कसरी गर्ने, स्थानीय र सामुदायिक टेलिभिजनको र टेरोस्टेरियल र केवुलको मापदण्ड, अनुमति, नवीकरण, सुरक्षा आदि कसरी गर्ने, प्रदेशस्तरीय एफएम सञ्चालन (निजी, सामुदायिक, सार्वजनिक सेवा) तीनै प्रकारको रेडियो र टेलिभिजनको सीमा र नियमन कसरी गर्ने, पत्रकार र सञ्चारकर्मीको पेशागत र भौतिक सुरक्षा एवं प्रबर्द्धनको कर्तव्य र क्षेत्रहरू कसरी स्पष्ट गर्ने भन्ने प्रश्नहरूको निर्क्यौल गर्नुपर्दछ ।

र, स्थानीय तहको कानुनमा हुनुपर्ने विषयहरू जस्तैः

स्थानीय रेडियो (एफएम) सञ्चालन (निजी, सामुदायिक, सार्वजनिक सेवा) को सीमा र नियमन एवं स्थानीय पत्रपत्रिकाको मापदण्ड र अभिलेखीकरण व्यवस्थापनको विषय कसरी गर्ने भन्ने कानुनी र संरचनागत व्यवस्था के-कसरी गर्ने भन्ने स्पष्टता खोज्नु आवश्यक भएको छ ।

यसका लागि संघीय कानुन र नीतिमा स्पष्टता ल्याउनु र तीनै तहका सरकारहरूको बीचमा अधिकार क्षेत्रलाई लिएर समान बुझाई विकास गर्नु आवश्यक छ ।

तीनै तहले सार्वजनिक प्रसारण माध्यमका रूपमा छुट्टै प्रसारण माध्यमहरू रेडियो सञ्चालन गर्न वा संघीय सार्वजनिक प्रसारण सेवा माध्यमलाई प्रदेश तथा स्थानीय पालिकाहरूले प्रसारण पहुँच सुनिश्चित गर्न भौतिक एवं पूर्वाधारको सहजीकरण गर्न सक्छन् ।

प्रदेश र स्थानीय तहले रेडियो माध्यममा एफएम फ्रिक्वेन्सीका स्थानीय रेडियोहरूलाई सहजीकरण गर्ने कानुनी प्रवन्ध गर्नसक्छ । तर, फ्रिक्वेन्सी वितरण गर्न नसक्ने हुनाले इजाजत प्रदान गर्ने व्यवस्था प्रदेश र स्थानीय तहमा अव्यवहारिक हुन्छ । जस्तो कि अहिले प्रदेशलाई १००० वाट र स्थानीय तहलाई १०० वाट सम्मका एफएम रेडियोहरूको इजाजतको अधिकार अभ्यास त गरिएको भएपनि प्रसारणका सबै र अन्तिम इजाजत दिन उनीहरूले सकेका छैनन् ।

यसैगरी टेलिभिजन प्रसारणको सन्दर्भमा पनि फ्रिक्वेन्सी प्रणाली र भूउपग्रह प्रणाली

र भूउपग्रह (स्याटलाइट) प्रणालीमा प्रसारण गर्ने माध्यमसम्बन्धी नियमनको प्रवन्ध संघीय तहबाट नै हुनु व्यवहारिक र उपयुक्त हुन्छ भने स्थानीय केवुल प्रणालीबाट मात्र प्रसारण हुने टेलिभिजन सेवा जसको लागि फ्रिक्वेन्सी आवश्यक पर्दैन, तीनको व्यवस्थापन प्रदेश तहबाट गर्न उपयुक्त हुन्छ । तर, इन्टरनेटको माध्यमबाट कुनै पनि श्रव्यदृश्य माध्यमहरूले आफ्नो प्रसारण सञ्चालन गर्न सकिने प्रविधिको उपलब्धता भइसकेको अहिलेको अवस्थामा प्रसारकहरूको नियमनको विषयमा पनि प्रसारण विषयवस्तु र सामग्री तथा तिनको विविधता, समयक्रम र त्यसले समाज र बालबालिकामा पार्ने प्रभाव जस्ता विषयमात्र हुनु सान्दर्भिक हुनेछ ।

पत्रपत्रिकाको दर्ता र नियमनको अहिले प्रचलित कानुनी व्यवस्था अन्तर्राष्ट्रिय प्रचलन र लोकतान्त्रिक समाजअनुकूल नभएकोले त्यसमा सुधार गरी अभिलेख प्रणाली र स्वनियमन पद्धतिमा जानुपर्छ भन्ने नीतिगत सहमति आम रूपमा भइसकेको विषय हो । तसर्थ, यस सम्बन्धमा तहगतरूपमा कानुनी प्रबन्ध गरिरहनुभन्दा वितरण संस्था र स्वेच्छिक आधारमा राष्ट्रिय, प्रादेशिक र स्थानीय तहको पत्रपत्रिकाका रूपमा अभिलेखबद्ध हुन पाउनेगरी कानुनी व्यवस्था हुनुपर्दछ भन्ने स्वनियमनको विषयलाई स्वतन्त्र र स्वायत्त मिडिया काउन्सिलबाटै नियमन र प्रवर्द्धन गर्ने अभ्यासलाई स्थापित गरिनु पर्दछ ।

त्यसैगरी अनलाइन/डिजिटल माध्यमहरू (पत्रपत्रिका, रेडियो र टेलिभिजन जुन स्वरूपमा पनि हुनसक्छन । जस्ता माध्यमहरूलाई स्वघोषणा पद्धतिमार्फत अभिलेखीकरण गरी स्वनियमन प्रणालीबाट विषयवस्तुको नियमन हुनेगरी कानुनी अधिकार सुनिश्चित हुनुपर्दछ ।

संविधानको अनुसूची ५ देखि ९ सम्म उल्लिखित अधिकार सूचीहरूको स्पष्टता र विस्तृतीकरण गरी तदनुकूल संघीय ऐनहरू बन्न नसक्दा मन्त्रीपरिषदले गरेको सूचीहरूको विस्तृतीकरण सम्बन्धी सूचीलाई नै आधार मानेर प्रदेश र स्थानीय तहहरूमा कानुन निर्माण भइरहेको देखिन्छ । तर अधिकारको विस्तृतीकरण र व्याख्या मन्त्रीपरिषदले गरेको निर्णयबाट कार्यान्वयन हुनु संवैधानिक वैधताका दृष्टिले प्रश्न उठ्नसक्ने विषय हो । किनकि मन्त्रीमण्डललाई संविधानको कार्यान्वयन गर्ने दायित्व त छ तर त्यसलाई विस्तृतीकरण र व्याख्या गर्ने तथा कानून सरह मापदण्ड तोक्ने अधिकार पनि रहेको मान्न सकिन्न । संसदबाट संविधानको मौलिक हकरूसँग सम्बन्धित विषयका सम्बन्धमा केही ऐनहरू बनाइएको भएपनि सञ्चारसँग सम्बन्धित हकको प्रचलनका लागि निर्देशित गर्ने र अनूसुचीहरूमा उल्लिखित कार्यक्षेत्र बमोजिमका साझा विषयहरूको सम्बन्धमा स्पष्टता आउने ऐनहरू नबनेको अवस्था छ । तसर्थ, संघीय तहबाट निम्न विषयहरू स्पष्ट गरेर आमसञ्चारसम्बन्धी छाता ऐनमा यी विषयहरू समेटिनु पर्दछ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र

# सञ्चार कानुन



**महासंघको विधानले निदृष्ट गरेका उद्देश्य प्राप्तिका लागि अहिले भइरहेका कामलाई थप प्रभावकारी बनाउनु पर्नेमा दुईमत छैन । त्यसका लागि हरेक चार चार महिनाको यो जनासहित हामीले काम गर्नुपर्ने आवश्यकता रहेको छ ।**

**रोसन पुरी**

नेपाल पत्रकार महासंघ अविच्छिन्न उत्तराधिकारवाला संस्था भएकाले २६औं महाधिवेशनबाट प्राप्त भिजन पेपर र त्यसका आधारमा हामीले बनाएको कार्ययोजनाअनुसार काम गर्नुपर्ने आवश्यकता छ । महासंघ विगतको नेतृत्वकर्ताको भिजन, मेहनत र मार्गनिर्देशअनुरूप आज एउटा उचाइमा पुगेको हो । यसलाई कायम राख्दै अग्रजहरूले तयार गरेको पथ, महासंघको विधान तथा हामी आफैले गरेका निर्णयहरूको कार्यान्वयनका लागि सकारात्मक पहल लिनु अत्यावश्यक छ । महासंघको विधानले निदृष्ट गरेका उद्देश्य प्राप्तिका लागि अहिले भइरहेका कामलाई थप प्रभावकारी बनाउनु पर्नेमा दुईमत छैन । त्यसका लागि हरेक चार चार महिनाको योजनासहित हामीले काम गर्नुपर्ने आवश्यकता रहेको छ ।

हामीले तीन वर्षको कार्ययोजना पारित गरेपछि हाम्रा गतिविधिहरूलाई त्यसैअनुसार केन्द्रित गरेका छौं । हामीले आजका दिनसम्म आइपुग्दा सन्तोषजनक काम गरेका छौं भन्ने लाग्छ । कपिलवस्तुको तिलौराकोटमा सम्पन्न महासंघको चौथो पूर्ण बैठकसम्म आइपुग्दा हामीले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सञ्चार कानून, श्रमजीवी पत्रकारहरूको अधिकार र अवस्था, संगठन शुद्धीकरण तथा संगठनात्मक गतिविधि र योजना, कोरोना संक्रमण, पत्रकारको दक्षता अभिवृद्धि लगायतका क्षेत्रमा महासंघले आफ्नो स्रोतसाधनले भ्याएसम्म काम गर्ने प्रयास गरेको छ ।

## प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सञ्चार कानुन

२०७८ सालमा प्रेस स्वतन्त्रता हननका ७५ वटा घटना भएका छन् । यसबाट २७२ पत्रकार तथा ९ सञ्चार संस्था गरी २८१ पीडित बनेका छन् । नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाईमा अभिलेख भएका यी घटनाहरूमा यो एक बर्षको अवधिमा पत्रकार हत्या तथा बेपत्ताका घटना भएका छैनन् भने पत्रकार गिरफ्तारका ३ वटा घटना भएका छन् । त्यस्तै स्वतन्त्र पत्रकारितामा अवरोध तथा कब्जाका ९ वटा घटना भएका छन् । पत्रकारमाथि आक्रमणको १, दुर्व्यवहार तथा धम्कीका २८ वटा घटना भएका छन् भने पेशागत असुरक्षाका ३१ घटना दर्ता भएका छन् ।

प्रेस स्वतन्त्रताविरूद्धका घटनामा हामीले यो अवधिमा व्यक्तिको भौतिक सुरक्षालाई प्राथमिकतामा राखेर काम गरिएको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारको पक्षमा पनि हामीले उल्लेख्य काम गरेका छौँ । सरकारले संविधान विपरीत प्रतिनिधिसभा विघटन गरेकोमा महासंघले सबैभन्दा पहिले विज्ञप्ति निकालेको थियो । संविधानविपरीत राष्ट्रपतिबाट सरकार गठन भएकोमा पनि महासंघले विज्ञप्ति नै जारी गरेर आपत्ति जनाएको थियो । सर्वोच्च अदालतप्रति जिम्मेवार राजनीतिक दल र तिनका नेताबाट भएको आक्रमणको पनि हामीले प्रतिवाद गरेका थियौँ । फलस्वरूप संविधान ट्र्याकमा आएको छ । लेखेकै आधारमा केन्द्रीय सदस्य बविन शर्मालाई पक्राउ गर्ने प्रयास भएपछि हामीले कानूनीलगायतका विभिन्न लविङ गरेका थियौँ । पाटन उच्च अदालतबाट अल्पकालीनरूपमा निषेधाज्ञा आदेश जारी गरेपछि उहाँ सार्वजनिक हुनु भएको थियो । अहिले उक्त मुद्दाको फैसला केन्द्रीय सदस्य शर्माकै पक्षमा भएको छ ।

त्यस्तै बुद्ध लोप्चनलगायतका पत्रकारको पक्षमा अदालतबाट भएको अल्पकालीन आदेशमा सुनुवाइ हुन बाँकी नै छ । उज्यालो नेटवर्कका पत्रकार अनिस तामाङसहितका पत्रकारलाई पक्राउ गरेपछि महासंघले नै उनीहरूलाई रिहाइका लागि विभिन्न ठाउँमा लविङ र कानूनी लडाइँ लडेको थियो । शर्मा, लोप्चन र तामाङसहितका पत्रकारको सुरक्षाका लागि महासंघ अध्यक्ष र महासचिवले तत्कालीन प्रधानमन्त्रीका प्रेस सल्लाहकार, सम्बन्धित पत्रकारको परिवार, राज्यका विभिन्न निकाय र कानून क्षेत्रका विज्ञसँग छलफल गरेर पक्राउ गर्न रोक्ने तथा पक्राउ परेकाको रिहाइका लागि पहल भएको थियो । त्यस्तै वरिष्ठ उपाध्यक्ष रमेश विष्ट र महासचिव पुरीले प्रहरी प्रमुखसँग भेटेरै यो घटनालगायत समग्र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरूद्ध प्रहरीबाट बेलाबेलामा हुने क्रियाकलाप न्यूनिकरणका विषयमा छलफल गर्नु भएको थियो । त्यस्तै महासंघका सदस्यसमेत रहेका युट्युबर सन्दीप रेग्मीलाई एउटा समूहले गरेको ज्यादतीविरूद्ध पनि महासचिवसहितको टोलीले पटकपटक पहल गरेको थियो । यस विषयमा पनि कानूनी उपचार समेत खोजिएको थियो । युएइमा पक्राउ परेका पत्रकार उमाकान्त पाण्डेका बारेमा महासंघले सबै प्रकारका पहल गरेको छ । उहाँलाई नेपाली दूतावासले आफ्नोविरूद्ध अभिव्यक्ति दिएको आरोपमा युएइ प्रहरीमा उजुरी गरेको थियो ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, बनेका र बन्दै गरेका विभिन्न कानूनका विषयमा हामीले गम्भीर चासो लिएर काम गरेका छौँ । लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, गण्डकी प्रदेश, बागमती प्रदेशलगायतका प्रदेशमा अगाडि बढाइएका सञ्चार कानूनका विषयमा हामीले विभिन्न कार्यक्रम गरेका छौँ । स्थानीय सरकारले बनाइरहेका कानूनका विषयमा पनि हामीले विभिन्न काम गरेका छौँ । स्थानीय, प्रदेश र संघीय

सरकारको कामको अधिकार क्षेत्रका विषयमा निवर्तमान अध्यक्ष गोविन्द आचार्यकै संयोजनमा कानूनको ड्राफ्ट निर्माण गरेर हामीले सरोकारवाला निकायसँग छलफल शुरू गरेका छौँ । सार्वजनिक प्रसारण विधेयकका विषयमा राष्ट्रिय सभाका सम्बन्धित समितिका सभापति, सांसद, पूर्वअध्यक्षलगायतसँग छलफल गरेर अन्तर्राष्ट्रिय मापदण्डको पालना गर्न दबाब दिइएको छ । नागरिक अधिकारका पक्षमा पनि हामीले यो अवधिमा विभिन्न काम गरेका छौँ । स्वतन्त्र न्यायापालिकामा देखिएको अन्यौल अन्त्यका लागि पनि हामीले विभिन्न पेशागत संगठनसँग मिलेर पहल गरेका थियौँ ।

नेपालको संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रता महासंघकै पहलमा उल्लेख गरिएको छ । संविधानमा स्वतन्त्रताको हक, सञ्चारको हक र सूचनाको हकलाई मौलिक हकमै राखेर विभिन्न व्यवस्थाहरु छन् । यो नेपाली प्रेस स्वतन्त्रता मात्र नभएर समग्र नागरिक स्वतन्त्रताकै लागि अभूतपूर्व उपलब्धि हो । तर, विश्व प्रेस स्वतन्त्रता सूचकांकमा नेपाल पछिल्लो एक दशकमा १ सयभित्र परेको छैन ।

विश्व प्रेस स्वतन्त्रता सूचकांकमा दक्षिण एसियाली देश भुटान र माल्दिभ्स नेपालभन्दा माथिल्लो स्थानमा छन् । के भुटान र माल्दिभ्समा नेपालमा जस्तो स्वतन्त्रपूर्वक लेख्न पाउने अवस्था छ ? नेपालमा जस्तो नागरिक अधिकार छ ? सूचकांकले जे भने पनि वास्तविकता त्यस्तो छैन । भुटानमा नेपाली भाषीको पक्षमा अहिले पनि बोल्न पाइँदैन । प्रेसलाई राज्यले धेरै हदसम्म नियन्त्रणमै राखेको छ । माल्दिभ्समा पनि धार्मिक अतिवादलाई राज्यले नै प्रश्रय दिएर त्यसैअनुसारको समाचार दिनुपर्ने बाध्यता छ । तर, त्यहाँको सूचकांकमा उल्लेख्य सुधार हुने र हाम्रो सूचकांकमा सुधार नहुनुको कारण खोज्नुपर्ने अवस्था छ । हामीले प्रेस स्वतन्त्रता हननको परिभाषालाई थप प्रष्ट पार्नुपर्ने अवस्था छ । हामीले कस्तो अवस्थालाई प्रेस स्वतन्त्रता हनन् भन्ने एउटा मापदण्ड बनाउन आवश्यक छ । यसले हामीले निकाल्ने विज्ञप्तिलाई पनि एउटा परिधिभित्र ल्याउन सहयोग गर्छ ।

संवैधानिक तथा कानूनीरुपमा प्रेस स्वतन्त्रता सुनिश्चित गरिए पनि प्रेस स्वतन्त्रता तथा आमसञ्चारको अधिकार हननका घटनाहरु भने नेपालमा भइरहेका छन् ।  अहिले विभिन्न सञ्चार कानून विचाराधीन अवस्थामा रहेका छन् । त्यसका लागि माघ महिनाभित्रै हामीले संघीय सरकारसँग विचाराधीन अवस्थामा रहेका कानूनका विषयमा प्रधानमन्त्री, सभामुख तथा राष्ट्रियसभा अध्यक्ष, विभागीय मन्त्री र राजनीतिक दलका शीर्ष नेतासँग भेटवार्ता गरेर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति ल्याउनेगरी कानून अगाडि बढाउन पहल गरिनेछ । आगामी दुई महिनाभित्रै प्रदेशका कानूनलाई प्रेस मैत्री तथा संविधानले सुनिश्चित गरेको अधिकारको प्रत्याभूत हुनेगरी अभियान नै सञ्चालन गर्न प्रस्ताव गर्दछु । जनप्रतिनिधिको सर्वोच्च निकाय प्रतिनिधिसभा लामो समयदेखि अवरूद्ध हुँदा संविधानले प्रत्याभूत गरेका पूर्ण प्रेस स्वतन्त्रताका लागि संविधानमा गरिएका व्यवस्था तथा त्यस आधारमा बनेको आम सञ्चार नीति २०७३ लाई कार्यान्वयन गर्नका लागि आवश्यक कानून निर्माण हुन सकेका छैनन् । यसतर्फ हाम्रो गम्भीर चासो छ ।

पत्रकारको भौतिक सुरक्षाका लागि राष्ट्रिय मानवअधिकार आयोगसँग मिलेर तत्काल उद्धारका लागि पहल गरेका छौँ । आगामी दिनमा यसलाई व्यवहारिकरूपमा अगाडि बढाउन आयोगसँग पहल गरिनेछ । नागरिक अधिकारको पक्षमा पनि विभिन्न निकायसँग मिलेरै काम गरिनेछ । सेल्फसेन्सरसिपको अवस्था भयावह बन्दै गइरहेकाले नेपालमा सेल्फसेन्सरसिपको अवस्थाका बारेमा अध्ययन गरेर त्यसलाई निरूत्साहनका लागि

अवस्था पत्ता लगाउन पहल गरिनेछ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, नागरिक अधिकार र सञ्चार कानून दीर्घकालीन विषयमा हामीले तीन वर्षे कार्ययोजनाअनुसार अगाडि बढ्न आवश्यक छ । कार्ययोजनालाई व्यवहारिकरूपमा कार्यान्वयन गर्नका लागि हामीले पहल गर्न आवश्यक छ ।

## श्रमजीवी पत्रकारको अधिकार र अवस्था

श्रमजीवी पत्रकार ऐन र ऐनले व्यवस्था गरेका सेवासुविधा प्राप्तिका लागि नेपाल पत्रकार महासंघले दशकौँदेखि संघर्ष गर्दै आइरहेको छ । तर, श्रम समस्या थपिएको छ । पत्रकारलाई विभिन्न बहाना बनाएर निकाल्ने, सेवा सुविधा नदिने, धेरैले नियुक्तिपत्र पनि नपाउने, नियुक्तिपत्र पाउनेले तलब नपाउने, विदा नपाउनेलगायतका समस्या अहिले पनि कायम छन् । महासंघमा पछिल्लो वर्ष श्रम समस्या लिएर आउने पत्रकारहरूको संख्या झण्डै ३ सय पुगेको छ । त्यसमध्ये २ सयभन्दा बढीको समस्या सम्बोधन भएको छ । बाँकी पत्रकारको श्रम समस्याका विषयमा हामीले दबाबमूलक, वार्ता तथा संवाद र कानूनी प्रक्रिया जारी राखेका छौँ । महासंघको तर्फबाट हामीले मिडिया सञ्चालक, सरकारी निकायका प्रतिनिधिसँग श्रम समस्याका विषयमा पटकपटक छलफल गरेका छौँ ।

श्रम समस्या सम्बोधनका लागि हामीले विभिन्न दबाबमूलक कार्यक्रम गरेका छौँ । समयमा तलब नदिने मिडिया हाउसको अनुगमन गर्ने, समस्यामा परेका पत्रकारको कार्यस्थलमै गएर समस्या समाधानमा पहल गर्ने काम पनि हामीले गरेका छौँ । काठमाडौंको माइतीघर मण्डलाबाट हामीले सरकार र सम्बन्धित मिडिया हाउसलाई प्रदर्शनका माध्यमबाट खबरदारी गरेका छौँ । श्रमजीवी पत्रकारको हित प्रवर्द्धन समिति बिस्तार भएसँगै यसले निरन्तर काम गरिरहेको छ । वरिष्ठ उपाध्यक्ष रमेश विष्टको नेतृत्वको यो समितिले दैनिक आउने श्रम समस्यालाई तत्काल सम्बोधन गर्न पहल गर्ने र हरेक मिडियामा एकएक जनाले जिम्मेवारी लिएर काम थालिएको छ । महासंघमा श्रम समस्या लिएर आउने पत्रकारसँग केन्द्रीय सदस्यहरू विकास कार्की र रामकृष्ण अधिकारीले समन्वय गरिरहनु भएको छ । कान्तिपुर, नेपाल लाइभ, अन्नपूर्ण पोष्ट, एस टेलिभिजन, नागरिक दैनिकमा देखिएको श्रम समस्या महासंघकै पहलमा सम्बोधन भएको छ । नागरिक दैनिकमा महासंघका वरिष्ठ उपाध्यक्ष र महासचिवसहितको महासंघको टोलीले धर्नासमेत दिएको थियो । कान्तिपुरकी पत्रकार दिपा दाहालको पुनर्वहालीका लागि त्यहाँ आन्दोलन गरिएको थियो । आन्दोलनपछि कान्तिपुरले माग पूरा गर्ने र सबै पत्रकारको न्युनतम पारिश्रमिक पूरा गर्ने प्रतिवद्धता जनाएको छ । नागरिक दैनिकले पनि महासंघको पत्रचारपछि पत्रकारको केही माग पूरा गरेको छ । केही माग सम्बोधन गर्ने प्रतिवद्धता जनाएको छ ।

महासंघ केन्द्रीय कार्यालयमा हामीले श्रम समस्यालाई व्यवस्थितरूपमा सम्बोधनका लागि उजुरी सुन्ने र प्रक्रियागत हिसाबले अगाडि बढाउन श्रम डेस्क स्थापना गरेका छौँ । अबदेखि श्रम समस्यामा परेका पत्रकारले सिधै सम्पर्क व्यक्तिमार्फत आफ्नो समस्या सम्बोधनको के प्रयास भयो भनेर जानकारी पाउने छन् । पछिल्लो समय सरकारी सञ्चारमाध्यम गोरखापत्रबाट निकालिएका २७ जना पत्रकारदेखि निजी क्षेत्रका विभिन्न सञ्चारमाध्यममा देखिएको श्रम समस्या सम्बोधनका लागि पत्राचार गरिएको छ । कोरोना भाइरस संक्रमणको अहिले तेस्रो लहर सकिएको छ । यसले श्रम क्षेत्रमा पार्नसक्ने समस्या र त्यसलाई सम्बोधन हुनेगरी हामीले ठोस योजना बनाएका थियौं ।

दोस्रो लहरको सुरूवातमै वरिष्ठ उपाध्यक्ष रमेश विष्ट र महासचिव रोसन पुरीको नेतृत्वमा समिति नै बनाएर महासंघले श्रम समस्या समाधानमा उल्लेख्य काम गरेको छ । श्रम समितिमा सबै पदाधिकारी, प्रतिष्ठान प्रदेश, उपत्यका र एसोसियट प्रदेशबाट प्रतिनिधित्व गर्ने तथा खुल्ला केन्द्रीय सदस्यहरूले पनि सक्रियतासाथ कोभिडको दोस्रो लहरमा समस्या सम्बोधनका लागि प्रयास गर्नु भएको थियो । कोभिडले श्रम समस्या बढेपछि हामीले लेखनवृत्तिलगायतका सहयोगी कार्यक्रममा पनि पहल गरेका छौँ । बजेटमै लेखनवृत्तिको व्यवस्थापनका लागि दबाब दिएका थियौँ । महासंघकै आग्रहमा सरकारी अस्पतालमा निःशुल्क उपचारलगायतका केही कुरा समेटिएका छन् । तर, साना तथा स्वरोजगारमूलक मिडियालाई लोककल्याणकारी विज्ञापन ५० प्रतिशत बढाउनु पर्नेमा १० प्रतिशत काटिने व्यवस्था भएको थियो । हाम्रै पहलमा १० प्रतिशत नकाटिने भएको छ भने ५० प्रतिशत बढाउनका लागि पहल जारी छ ।

छापामाध्यम प्रवर्द्धन समितिले काम थालेको छ । गण्डकी प्रदेशका सबै जिल्लाका साना तथा स्वरोजगारमूलक मिडियाका समस्याका विषयमा मुख्यमन्त्रीसहित पत्रकार र सरो कारवाला निकायबीच नवलपरासीमा छलफल भएको छ । श्रमजीवी पत्रकारलाई सहज ढंगले सूचना विभागबाट पत्रकारका लागि उपलब्ध हुने प्रेस कार्ड उपलब्ध गराउन महासंघले पहल थालेको छ । महासचिवको नेतृत्वमा सञ्चार मन्त्रालयका सचिवसँग दुई पटक सहज ढंगले सूचना विभागको कार्ड प्राप्त गर्न मापदण्ड परिमार्जन गर्नका लागि छलफल भएको छ । मन्त्रालय, विभाग, न्यूनतम पारिश्रमिक निर्धारण समिति, प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघसँग परामर्श गरेर मापदण्ड परिमार्जन तथा अनलाइनबाटै कार्ड उपलब्ध गराउने प्रतिवद्धता जनाएको छ । महासंघकै आग्रहमा सूचना विभागबाट कार्ड प्राप्तिका लागि अनलाइनबाट आवेदन दिने व्यवस्था सुरू भएको छ भने अनलाइन प्रविधिलाई थप सहज बनाउने काम भएको छ । प्रेस कार्डको दुरूपयोग रोक्नका लागि महासंघले पहल गरेको छ ।

श्रमजीवी पत्रकारहरू, मिडिया सञ्चालक तथा नेपाल सरकारका बीच त्रिपक्षीय वार्ता तथा सम्वादको वातावरण तत्काल निर्माण गरेर नीतिगत हिसाबले नै समस्या सम्बो धनको प्रयास भएका छन् । त्यसका लागि सञ्चार प्रतिष्ठान, व्यवस्थापन सम्बद्ध संस्था र सरकारलाई दवाब दिने कार्यक्रम ल्याइएको छ । महासंघ ट्रेड यूनियन पनि हो भन्ने कुराको अनुभूति दिलाउनेगरी कार्यक्रमका लागि जोड दिइएको छ । "जहाँ श्रम समस्या, त्यहाँ पत्रकार महासंघ" भन्ने नारालाई व्यवहारिकरूपमा स्थापित गर्न काठमाडौं उपत्यकाबाहिर पनि यो अभियान सञ्चालन गर्न प्रदेश र जिल्ला शाखामार्फत काम गर्न आवश्यक रहेको छ ।

महासंघमा रहेको कानूनी सहायता डेस्कलाई प्रभावकारी बनाउन आवश्यक जनशक्ति थप्ने र श्रमजीवी पत्रकारका समस्या सम्बोधनका लागि सर्वोच्च अदालतमा कानूनी उपचार खोजिनेछ । त्यसका लागि नेपाल बार एसोसिएसन लगायतसँग सहयोग लिइनेछ । श्रम समस्याका विषयमा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)सँग साझेदारीका लागि पहल गर्न तीन महिनाभित्रै संवाद थालिनेछ । समयसापेक्ष न्यूनतम पारिश्रमिक पुनरावलोकनका लागि यथाशीघ्र पहल गरिनेछ । बजेटमा भएका व्यवस्था कार्यान्वयनका लागि अध्यक्षकै नेतृत्वमा विभिन्न निकायसँग समन्वय गरेर पहल थालिने छ । श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नगर्ने सञ्चारमाध्यमले लिएको सहुलियतको कर्जाको अनुगमनका लागि सरकारलाई आग्रह गर्ने र पत्रकारलाई तलब नदिने सञ्चार

गृहलाई कर्जा नदिन आग्रह गर्नुपर्ने आवश्यकता देखिएको छ ।

## संगठन शुद्धीकरण तथा संगठनात्मक गतिविधि र योजना

कुनै पनि संगठनका लागि सदस्य उसको मेरूदण्ड हो । मेरूदण्ड ठीक नभएको संस्थाले व्यवस्थित ढंगले काम गर्न सक्दैन । मेरूदण्डको रूपमा रहेको सदस्यता कस्तो व्यक्तिलाई दिने भन्ने विषय गम्भीर हो । यसका लागि सम्बन्धित संस्था वा नेतृत्व त्यो विषयमा निकै गम्भीर बन्नुपर्छ । त्यसका लागि आवश्यक परामर्श गरेर निश्चित मापदण्ड बनाएर जानुपर्ने आवश्यकता हुन्छ । त्यसका लागि हामीले तीन वर्षे कार्ययोजना बनाएर एउटा रोडम्याप पास गरिसकेका छौँ । त्यसलाई कार्यान्वयन गर्नका लागि आधारभूत कुराहरूको निर्माणमा हामी अगाडि बढेका छौँ । संगठन विभागले पूर्णता पाइसकेको अवस्थामा छिट्टै बैठक बसेर रोडम्यापलाई व्यवहारिकरूपमा काम गर्न प्रयास गर्नुपर्छ । अधिवेशनको नजिक एकखालले भागबण्डा जस्तो गरी थपिने सदस्यताका कारण शुद्धीकरणको पाटो ओझेलमा पर्दै आएको छ ।

नयाँ कार्यसमिति आएपछि तयार गरिएको शुद्धीकरणको रोडम्याप अनुसार सदस्यता नवीकरणमा एकरूपता ल्याउनका लागि हामीले प्रदेश र शाखामार्फत काम थालेका छौँ । नयाँ सदस्यता आव्हानका लागि यो बैठकले निर्णय लिएर अगाडि बढ्नु पर्ने आवश्यकता छ । पहिलो चरणमा हामीले हाम्रा सदस्यको विवरण सार्वजनिक गर्ने लिष्ट तयार गरेका छौँ । सार्वजनिक गर्नुपूर्व हाम्रो वेबसाइट र निर्माणाधीन अवस्थामा रहेको मोबाइल एपमा अध्यावधिक गर्ने काम थालिएको छ ।

हाम्रो सर्कुलर अनुसार महासंघका विभिन्न शाखाले आफ्नो वेबसाइट निर्माणलाई तीव्रता दिएका छन् । तीन वर्षे कार्ययोजनाअनुसार वेबसाइटमार्फत आफ्नो शाखाका सदस्यहरूको विवरण सार्वजनिक गर्न थालिएको छ । पाल्पा, पाँचथर, दाङलगायतका शाखाले आफ्नो वेबसाइटमार्फत यो कामको थालनी गरिसकेको छ ।

७६ जिल्ला शाखा, ३९ प्रतिष्ठान शाखा, १२ एसोसिएट संस्थाले सिधै केन्द्रीय कार्यालयमा आएर नवीकरण गर्ने परम्परालाई व्यवस्थित गरिएको छ । अब प्रदेशमार्फत केन्द्रमा अभिलेखीकरणका लागिमात्रै आउनेगरी व्यवस्था मिलाइएको छ । तर, प्रदेशको भौतिक संरचना र जनशक्तिको अभावले अझै यो कामले पूर्णता पाउन सकेको छैन । वैदेशिक शाखाबाट सिफारिस भएपछि सिधै सदस्यता प्राप्त गर्ने परम्परालाई अहिले पूर्णरूपमा नियन्त्रण गरिएको छ । वैदेशिक शाखामार्फत आएका सिफारिसलाई संगठन विभागमार्फत टुंगो लगाइनेछ । यो बैठकबाट नयाँ सदस्यताका लागि आवेदन लिने र प्रदेश समितिमार्फत नवीकरण गर्न आव्हान गर्न म यो बैठकमा प्रस्ताव गर्दछु । वैदेशिक शाखामा देखिएका असन्तुष्टिका विषयमा वरिष्ठ उपाध्यक्षको नेतृत्वमा अघिल्लो बैठकले गठन गरेको समितिको सुझावका आधारमा निर्णय लिइने म जानकारी गराउँछु । रूकुम पूर्वमा तदर्थ समिति गठनका लागि प्रदेश समितिमार्फत विधानअनुसारको प्रक्रिया अगाडि बढाइएको छ ।

नुवाकोट शाखाको विवाद समाधानसँगै त्यहाँ निर्वाचन सम्पन्न गरिएको छ । यसका लागि महासंघ बागमती प्रदेशबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्यद्वय सुनील खड्का र ध्रुव रावलले महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो । बागमती प्रदेश समितिका

अध्यक्षसहितका पदाधिकारीको सहयोगमा त्यहाँ निर्वाचन सम्पन्न भएको छ ।

नेपाल पत्रकार महासंघको विधान २०६० (पाँचौ संशोधन २०७६) ले प्रष्टरूपमा महासंघका केन्द्रीय समिति, प्रदेश समिति वा शाखा समितिका पदाधिकारी तथा सदस्यले सो पदमा बहाल रहेसम्म कुनै राजनीतिक दल वा भातृ संगठनको कुनै पनि तहको विभाग वा समितिमा रही काम गर्न पाउने छैन' भन्ने कुरा व्यवस्था गरेको छ । महासंघले विभिन्न राजनीतिक दलको कार्यकारी पदमा रहेका व्यक्तिलाई विधानअनुसार कारबाही गर्नसक्ने तर्फ सचेत गराएको थियो । त्यसैअनुसार महासंघको केन्द्र, प्रदेश र जिल्लाका कार्यसमितिमा रहेका धेरैले राजनीतिक दलबाट अलग भएको घोषणा गरेका छन् । गोरखा एफएम प्रतिष्ठान शाखाका अध्यक्ष गोविन्द गिरीले अध्यक्षबाट राजीनामा दिएर राजनीतिमा सक्रिय हुनु भएको छ । तर, अहिले पनि महासंघको विभिन्न तहको नेतृत्वमा रहेकाहरू राजनीतिक दलको कार्यकारी समितिहरूमा बसिरहेका गुनासो आइरहेको छ । एक हप्ताको समय दिएर राजनीतिक दल छाड्न वा महासंघबाट स्वतः निलम्वनका लागि सूचना प्रकाशित गर्न यो बैठकमा प्रस्ताव गर्दछु । आसन्न स्थानीय तहको निर्वाचन, प्रदेश र प्रतिनिधिसभा चुनावलाई ध्यान दिंदै तत्काल निर्देशिका जारी गर्न र शुद्धीकरणको रोडम्यापलाई अन्तिम रूप दिएर काम गर्नका लागि संगठन विभागलाई जिम्मेवारी दिनुपर्ने आवश्यकता छ ।

सदस्यता शुद्धीकरण, नवीकरण, नयाँ सदस्यतालगायत केन्द्र, प्रदेश र शाखाबीचको समन्वयका लागि यो महिनाभित्रै संगठन समितिको बैठक बस्ने योजना बनाएको छु । उक्त बैठकसँगै प्रदेश अध्यक्ष र महासचिवसहितको छलफल गरेर सदस्यतासँग सम्बन्धित विषयमा छलफल गरिनेछ । बैठकका निर्णय, महासंघका दस्तावेज लगायतलाई डिजिटल गर्ने र अनलाइनबाटै सदस्यता आवेदन, नवीकरण तथा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

## कोरोना संक्रमणमा पत्रकार महासंघ

विश्व महामारीको रूपमा फैलिएको कोरोना भाइरस संक्रमणको असर पत्रकार तथा सञ्चारगृहमा नराम्रोसँग परेको छ । २६ जना पत्रकार तथा सञ्चारकर्मीले कोरोना संक्रमणबाट ज्यान गुमाएका छन् । झण्डै ११५० जना पत्रकार अहिलेसम्म संक्रमित बनेका छन् । दोस्रो लहरसँगै हामीले विश्व स्वास्थ्य संगठनसँग मिलेर बनाइएको स्वास्थ्य सुरक्षा मापदण्डलाई फेरि समयानुकुल परिमार्जन गरेर कोभिडको जोखिममा कसरी आफ्नो स्वास्थ्य सुरक्षामा ध्यान दिने र रिपोर्टिङ गर्ने भनेर गाइडलाइन जारी गरेका थियौँ । प्रदेश समिति, जिल्ला शाखा र कतिपय काठमाडौं उपत्यकाका विभिन्न प्रतिष्ठानलाई हामीले स्वास्थ्य सामग्री उपलब्ध गरायौँ । केन्द्रीय समितिको तर्फबाट पहल गरेर र संकलन गरेर आवश्यकताअनुसार मास्क, केही स्यानिटाइजर, पिपिई, फेससिललगायतका स्वास्थ्य सामग्री वितरण गरियो ।

हामीले महासंघको केन्द्रमा १० बेडको अक्सिजनसहितको आइसोलेसन केन्द्र स्थापना गर्‍यौं । केन्द्रीय समितिको सर्कुलरअनुसार विभिन्न २२ जिल्ला शाखाले पत्रकारका लागि आइसोलेसन केन्द्र स्थापना गरेर काम गरेका थिए । केही जिल्ला शाखाले संक्रमित आम सर्वसाधारणको उपचारको व्यवस्था पनि मिलाए । केन्द्रीय कार्यालयमार्फत हामीले काठमाडौं उपत्यका र काठमाडौं उपत्यकाभन्दा बाहिर पनि १ सय ९ जना

पत्रकारका लागि भेन्टिलेटर, आइसियू र बेड व्यवस्थापन गर्‍यौँ । ५१ जना पत्रकारले केन्द्रको पहलमा आइसोलेसन सेन्टरमा सेवा प्राप्त गरे । आइसोलेसन केन्द्र स्थापना गर्न अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, महासचिवलगायतका पदाधिकारीको पहलमा केन्द्रीय सदस्य विकास कार्की, बबिन शर्मा, निवर्तमान सचिव प्रकाश थापालगायतले विभिन्न प्रकारका सहयोग गर्नु भएको थियो ।

हामीले काठमाडौंका एपिएफलगायतका सरकारी अस्पताल र निजी क्षेत्रका अस्पतालका व्यवस्थापकसँग पत्रकारको उपचारका लागि प्रबन्ध मिलाएका थियौँ । रेमडिसिभिर लगायतका अत्यावश्यक औषधिका लागि पनि हामीले पहल गरेर पत्रकारको उपचारमा सहयोग गर्‍यौँ । काठमाडौं उपत्यकामा अक्सिजनको चरम अभाव भएको समयमा हामीले बारासम्म गाडी पठाएर काठमाडौंमा अक्सिजन ल्याएका थियौँ । हाम्रो टिम नेपालले हामीलाई यसमा सहयोग गरेको थियो ।

भ्याक्सिनेसनको काममा हामीले पहल गर्‍यौँ । काठमाडौं उपत्यकाबाहिर प्रदेश, जिल्ला शाखाको पहलमा झण्डै शतप्रतिशत पत्रकारले भ्याक्सिन लगाएका छन् । काठमाडौंमा पनि स्वास्थ्य वा अन्य समस्याले भ्याक्सिन लगाउन नपाउनेबाहेक सबै पत्रकारले भ्याक्सिन लगाएका छन् । सामुदायिक रेडियो प्रशारक संघ र नेपाल पत्रकार महासंघको पहलमा सामुदायिक रेडियोका लागि थोरै भए पनि विद्युतमा सहुलियत दिने प्रक्रिया सुरू भइसकेको छ । यसलाई थप व्यवस्थित बनाउन आवश्यक देखिएको छ ।

## पत्रकारको दक्षता अभिवृद्धि

पत्रकारको क्षमता अभिवृद्धिका लागि हामीले विभिन्न दातृ निकायसँग समन्वय गरेर तालिम सञ्चालन गरेका छौँ । आचारसंहिता, प्रारम्भिक समाचार लेखन, समसामयिक खोजमूलक समाचार लेखनलगायतका विषयमा यो अवधिमा विभिन्न जिल्लामा तालिम सञ्चालन गरिएको छ । यसका लागि विभिन्न दातृ निकायसँग साझेदारी गरिएको छ । तर, नयाँ नयाँ तौरतरिकामार्फत सूचना तथा समाचार नागरिकको पहुँचमा पुग्न थालेको विषयमा भने हामीले प्रभावकारी काम गर्न सकेका छैनौँ । तीन वर्षे कार्ययोजना कार्यान्वयन गर्नका लागि अब अभियानकै रूपमा तालिमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता छ । खास गरेर न्यू मिडियाको विकासलाई सबैको पहुँच र पत्रकारिता क्षेत्रभित्र समेट्नका लागि आचारसंहिता र न्यू मिडिया टेक्नोलोजीसँग सम्बन्धित तालिम दिन आवश्यक छ ।

लोककल्याणकारी विज्ञापन महासंघको पहलमा विज्ञापन बोर्डमार्फत सम्बन्धित जिल्ला हुलाकबाट वितरण गर्न थालिएको छ । महासंघको प्रतिनिधि पनि सदस्य बन्ने गरी गरिएको व्यवस्था सकारात्मक भए पनि बोर्डको क्षेत्राधिकार र परिकल्पनाका विषयमा बहस गर्न आवश्यक रहेको छ । समानुपातिक विज्ञापन प्रणालीलाई कार्यान्वयन गर्नका लागि सरकारलाई दबाब दिन आवश्यक छ । मातृ भाषाका सञ्चारमाध्यमलाई दिइने लोककल्याणकारी विज्ञापन सम्बन्धित भाषामै छाप्ने व्यवस्था मिलाउन सरकारलाई पहल गरिनुपर्छ । राज्यका महत्वपूर्ण अंगका रूपमा रहेका व्यवस्थापिका र न्यायपालिकामा अहिले गतिरोध छ । यसमा महासंघ प्रष्टरूपमा उभिन जरूरी छ । त्यसका लागि हामीले गतिरोध अन्त्यका लागि पहल गर्नुपर्छ । अहिलेसम्म हामीले जुन गतिमा काम गर्नुपर्ने थियो, त्यसमा काम गर्न सकेका छैनौँ । यसलाई सुधार गरेर तीन वर्षे कार्ययोजनाको रोडम्यापमा सिंगो कार्यसमिति हिड्नु पर्ने आवश्यकता रहेको छ ।

प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा

# वार्षिक प्रतिवेदन




नेपाल पत्रकार महासंघ